प्रभाव दैनिक
National Daily

पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।
प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल-७, काठमाडौं
०१४३७३५७७/९७६१८१५४०००/९८४११५१२१७/९८४१२४६२६९
marketing2prabhab@gmail.com

वर्ष ११ | अंक ११७ | काठमाडौं | शनिबार, ०१ भदौ २०८१ | Prabhab National Daily | Saturday, August 17, 2024 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५|-

गट्ठाघर दुर्घटना

# गलत सूचना फैलिँदा ट्राफिक प्रहरीमाथि आक्रमण



- सत्यतथ्य नबुझी ट्राफिक प्रहरीमाथि रिस साँध्न खोजिएको देखियो
- उक्त दुर्घटनाको गम्भीरतापूर्वक छानबिन गर्न गृहमन्त्रीको निर्देशन
- ट्राफिक प्रहरीमाथि आक्रमण गर्नेलाई कारबाही गरिने
- सात दिनभित्र प्रतिवेदन पेस गर्ने गरी पाँच सदस्यीय छानबिन समिति गठन

■ प्रभाव संवाददाता

**भक्तपुर–** बिहीबार दिउँसो भक्तपुरको गट्ठाघरमा भएको सवारी दुर्घटनामा ट्राफिक प्रहरीको गल्ती नरहेको पाइएको छ । सिसिटिभी फुटेज हेर्दा ट्रक चालक मुख्य दोषी रहेको पाइएको प्रहरीले जनाएको छ ।

भक्तपुरकी प्रमुख जिल्ला अधिकारी रोशनीकुमारी श्रेष्ठले बिहीबार सञ्चारमाध्यममा आएको जस्तो ट्राफिक प्रहरीको कमजोरी नभएको बताउँदै गलत सूचना प्रवाह हुँदा समस्या भएको स्पष्ट पारिन् । उनले घट्नामा ट्राफिक प्रहरीमाथि आक्रमण गर्ने, ड्युटीमा खटिएका ट्राफिक प्रहरीको पोसाक च्यातेर हातपात गर्नेलाई पक्राउ गरी कारबाही गर्ने बताइन् । सत्यतथ्य नबुझी ट्राफिक प्रहरीमाथि रिस साँध्न खोजिएको उनको भनाइ छ ।

गृहमन्त्री रमेश लेखकले उक्त दुर्घटनाको गम्भीरतापूर्वक छानबिन गर्न प्रहरी महानिरीक्षक वसन्त कुँवरलाई निर्देशन दिएका छन् । गृहमन्त्रीको निर्देशनपछि प्रहरीमार्फत घटनास्थलको सिसिटिभी फुटेज बाहिरिएको छ । बिहीबार दिउँसो भक्तपुरको गट्ठाघर चोक नजिकै ना. ६ ख. २१७३ नम्बरको ट्रकले बा. ३९ प. ८९४४ नम्बरको स्कुटरलाई ठक्कर दिँदा स्कुटर चालक ओखलढुंगा चिशंखुगढी गाउँपालिका-४ छहरे स्थायी घर भई हाल काठमाडौं कपनमा बस्दै आएका ६५ वर्षीय उत्तम कोइरालाको मृत्यु भएको 'फुटेज' बाहिरिएको हो । उक्त 'फुटेज' हेर्दा ट्रक चालक मुख्य दोषी रहेको पाइएको छ ।

घटनास्थलबाट फरार भएका ट्रक चालक सर्लाही मलंगवा नगरपालिका-२ बस्ने ३२ वर्षीय सतेन्द्र श्रेष्ठलाई बिहीबार साँझ काठमाडौंको नयाँ बानेश्वर वृत्त तीनकुनेले पक्राउ गरी प्रहरी वृत्त ठिमीको जिम्मा लगाएको छ ।

(क्रमशः पृष्ठ २ मा)

### सहायक प्रजिअको नेतृत्वमा छानबिन समिति गठन

गट्ठाघर दुर्घटनाको सत्यतथ्य जाँच गर्न जिल्ला प्रशासन कार्यालय भक्तपुरले शुक्रबार छानबिन समिति गठन गरेको छ । प्रमुख जिल्ला अधिकारी रोशनीकुमारी श्रेष्ठ नेतृत्वको बैठकले सरोकारवालासँग छलफल गरी सात दिनभित्र प्रतिवेदन पेस गर्नेगरी सहायक प्रमुख जिल्ला अधिकारी डोलेन्द्रप्रसाद निरौलाको संयोजकत्वमा पाँच सदस्यीय छानबिन समिति गठन गरेको हो ।

समितिको सदस्यमा जिल्ला प्रहरी परिसर भक्तपुरका प्रहरी नायब उपरीक्षक राजन कार्की, यातायात व्यवस्था विभाग सवारी चालक अनुमतिपत्र राधेराधे कार्यालयका उत्तम बस्नेत र नागरिक समाजका तर्फबाट मृतकका आफन्त पर्ने तुलसीहरि कोइराला छन् ।

(क्रमशः पृष्ठ २ मा)

# थामेमा भीषण बाढी

## एक जना बेपत्ता, सात घरसहित एक दर्जनभन्दा बढी भवन बगायो

- लेदोसहितको बाढीले थामेबस्तीमा ठूलो भौतिक क्षति
- थामेभन्दा माथिको हिमताल फुटेर कोशीमा बाढी आएको हुनसक्ने अनुमान
- बाढीबारे अध्ययन गर्न आज विज्ञसहितको टोली जाँदै
- उद्धार कार्यमा थप सहयोग गर्न संघीय र प्रदेश सरकारसमक्ष गाउँपालिकाको आग्रह







तस्बिर: नेपाल प्रहरी/रासस

■ प्रभाव संवाददाता

**काठमाडौं–** प्राकृतिक विपद्ले कुनबेला तहसनहस बनाउँछ भन्ने पत्तो हुँदैन । शुक्रबार सोलुखुम्बुको खुम्बु पासाङल्हामु गाउँपालिका-५ स्थित थामेमा यस्तै घटना भयो । भोटेकोशी नदीमा आएको बाढीले पर्यटकीय बस्ती थामेलाई क्षणभरमै कुरूप बनायो । बाढीले बगाएर एक जना बेपत्ता भएका छन् भने एक दर्जनभन्दा बढी घर बगेका छन् । बेपत्ता भनिएका व्यक्तिको परिचय खुल्न बाँकी रहेको प्रहरीले जनाएको छ ।

गाउँपालिकाले शुक्रबार साँझ जारी गरेको विज्ञप्तिअनुसार दिउँसो १:२५ बजे आएको लेदोसहितको बाढीले थामेबस्तीमा ठूलो भौतिक क्षति पुऱ्याएको हो । बाढीबाट एक विद्यालय होस्टल, एक क्लिनिक, पाँचवटा होटल र सातवटा घरसहित १४ वटा भवन पूर्णरूपमा बगाएको गाउँपालिकाका प्रवक्ता ल्हाक्पाछिरी शेर्पाले जानकारी दिए । अन्य घरमासमेत बाढी पसेर क्षति पुगेको पालिकाले जनाएको छ ।

खराब मौसमका कारण जनप्रनिधिहरू शुक्रबार थामे पुग्न नसकेको उल्लेख गर्दै गाउँपालिकाले शनिबार बिहानैदेखि हुने उद्धार कार्यमा सबै जनप्रतिनिधिहरू सहभागी हुने जानकारी दिएको छ । थप उद्धार कार्यमा सहयोग गर्न संघीय र प्रदेश सरकार तथा संघसंस्थासमक्ष गाउँपालिकाले आग्रह गरेको छ ।

जिल्ला प्रहरी कार्यालय सोलुखुम्बुका प्रहरी नायब उपरीक्षक द्वारिकाप्रसाद घिमिरेकाअनुसार बाढीले थामेका सात घर, पाँच होटल, एउटा विद्यालय र एउटा क्लिनिक बगाएको छ । सोही क्षेत्रका सात घर जोखिममा रहेका उनले बताए । नदी कटानका कारण तटीय क्षेत्रका बस्ती जोखिममा रहेको सोलुखुम्बु प्रहरीले जनाएको छ । घटनास्थलमा प्रहरी चौकी थम्बुचे र नाम्चेबाट सुरक्षाकर्मी परिचालित भएको प्रहरी नायब उपरीक्षक घिमिरेले बताए । पानीको बहाव कम भएपछि सुरक्षाकर्मीको टोलीले बाढीमा फसेका केही व्यक्ति र चौपायालाई उद्धार गरेको जनाइएको छ ।

(क्रमशः पृष्ठ २ मा)

### बाढीबारे अध्ययन गर्न विज्ञसहितको टोली जाँदै

सोलुखुम्बुको खुम्बु पासाङल्हामु गाउँपालिका-५ स्थित थामेमा शुक्रबार दिउँसो आएको बाढीबारे अध्ययन गर्न आज (शनिबार) विज्ञसहितको टोली त्यसतर्फ जाने भएको छ । राष्ट्रिय विपद् व्यवस्थापन तथा न्यूनीकरण व्यवस्थापन प्राधिकरणका प्रमुख कार्यकारी अधिकृत (सिइओ) अनिल पोखरेलसहित विज्ञहरूको टोली त्यसतर्फ जान लागेको हो ।

उक्त टोली शुक्रबार नै जाने तयारी गरे पनि खराब मौसमका कारण रोकिएको थियो । आज (शनिबार) बिहान सैनिक हेलिकप्टरमार्फत टोली त्यसतर्फ जाने तयारी भएको प्राधिकरणले जनाएको छ ।

# हात्तीमैत्री बन्यो बाहुनडाँगी

■ भन्द्रकला भण्डारी



**विगत तीन वर्षयता मेचीनगरको बाहुनडाँगी क्षेत्रमा हात्तीको आक्रमणमा मानवीय क्षति भएको छैन । गाउँले धुइरिएर हात्ती लखेट्ने चलन हटेपछि क्षति रोकिएको बाहुनडाँगीबासीको अनुभव छ । स्थानीय नगरपालिकाले पनि हात्तीमैत्री कृषि उद्यमका लागि अनुदान उपलब्ध गराउन थालेको छ ।**

**झापा–** ३० वर्षअघि थोत्रे टिन ठटाउँदै आगोको पुल्ठो बालेर जंगली हात्तीलाई लखेटेका त्रासद रातहरू बाहुनडाँगीका नीलकण्ठ तिवारीले अझै बिर्सिएका छैनन् । उसबेला गाउँका बासिन्दाका लागि हात्ती धपाउने योभन्दा अर्को उपाय नै थिएन ।

'भारततिरबाट हुल बाँधेर हात्ती गाउँ पसेपछि कुकुर भुक्न थाल्थे,' तत्कालीन बाहुनडाँगी गाउँ विकास समितिका अध्यक्षसमेत रहेका तिवारीले सुनाए, 'हामीचाहिँ बाँसको भाटामा पाटा बेरेर बनाइएको पुल्ठो मट्टितेलमा चोबेर राँको बनाउँथ्यौं र सिठी फुकेर हात्तीको हुललाई पछाडिबाट धपाउँथ्यौं ।'

गाउँका मानिस रातभर अनिदो बसेर हात्ती धपाउन खटिन्थे । एउटा बस्तीमा हात्ती पसेको हल्ला फैलिएपछि अर्को गाउँका मानिसले हात्ती छेक्न घर र सडक छेउमा परालको आगो बाल्थे । गाउँका महिला हात्ती धपाउन घण्टी बजाउँदै अगरबत्ती बालेर पूजापाठ गर्न थाल्थे भने भने पुरुषहरू शंखध्वनी गुञ्जाउँथे । थोत्रे टिन, घण्टी सिठीको चर्को आवाज सुनेर हात्ती गाउँबाट भाग्थे । आगोको छेउछाउ नआउने हात्ती पुल्ठो बालेपछि तर्किएर जान्थे । हात्ती कतातिर जाँदै छन् भनेर चियो गर्न स्थानीयबासीले विभिन्न गौडाहरूमा अग्ला-अग्ला मचान (टुङ) बनाउन थाले । सरकारले नै पक्की मचान बनाउन सहयोग दिन थाल्यो । पुराना मचानहरू बाहुनडाँगीको मेची किनारमा अहिले पनि छन् ।

समय क्रममा हात्ती धपाउने शैलीहरू बदलिए । तिवारीकै अनुभवमा टिनको आवाज र पुल्ठोको आगोसँग हात्ती डराउन छाडयो । त्यसपछि हात्तीलाई धपाउन पटाका पड्काउन थालियो । बन्दुक पड्काउँदा महँगो र सरकारी अनुमति नपाइने हुँदा गाउँलेहरूले हात्ती धपाउन भारतबाट पटाका किनेर ल्याउन थाले । 'बन्दुक पड्काउँदा हात्ती भाग्ने भएकाले हामीले तर्साउनका लागि ठूला आवाज दिने पटाकाको सहारा लियौं,' तिवारीले भने, 'मान्छेहरूले जे उपाय लगाए पनि विस्तारै हात्तीहरू त्यसैमा अभ्यस्त हुन थाले । पटाका पड्काउँदा पनि भाग्न छाडेपछि अर्कै उपाय खोज्न बाध्य हुनुपऱ्यो ।'

बुद्धिमान प्राणी भएकाले हात्तीले अस्तित्व रक्षाका लागि परिस्थितिको सामना गर्ने उपाय निकाल्दोरहेछ भन्ने मानिसहरूले बुझे । मेचीनगर नगरपालिका-४ का निरज घिमिरे भन्छन्, 'झापामा वर्षौंदेखि मानव र हात्तीबीचको लखेटचाइँ खेल चलिरहेको छ । मानिसले हात्ती धपाउन निकालेका हरेक जुक्तिहरू केही वर्षको अन्तरालपछि निस्तेज हुने गरेको छ ।'

भारतको पश्चिम बंगालस्थित विभिन्न आरक्षित जंगलबाट नेपाल प्रवेश गर्ने हात्तीको मुख्य गौडा नै बाहुनडाँगी हो । बाहुनडाँगीबाट प्रवेश गरेका हात्तीहरू झापाको सबैजसो क्षेत्रमा डुल्ने र क्षति पुऱ्याउने गर्छन् । कयौं पुस्तादेखि जंगली हात्तीहरू भारतको आसाम, पश्चिम बंगाल र नेपालको कोशी प्रदेशमा विचरण गर्दै आएका छन् । ३० वर्षमा हात्ती र मानवबीचको द्वन्द्वको अवस्था झन् बढेर गएको छ । उसबेला झापाको बाहुनडाँगी मात्र हात्तीको निशानामा थियो । अहिले जिल्लाका १५ वटै पालिकामा हात्तीले जनधनको क्षति पुऱ्याउने गरेको छ । मोरङ र सुनसरी जिल्लामा केही वर्षयता हात्तीले पुऱ्याएको क्षति कहालिलाग्दो छ ।

डिभिजन वन कार्यालय झापाका प्रमुख मेघराज राईका अनुसार हात्तीको आक्रमणमा परी २०६७ देखि हालसम्म १५ वर्षको अवधिमा ६७ जनाको मृत्यु भएको छ । सोही अवधिमा २१ वटा हात्तीसमेत मारिएका छन् । जनधनको क्षति रोक्नका लागि अनेकन उपाय अवलम्बन गरिएका छन् ।

(क्रमशः पृष्ठ २ मा)



**पृष्ठ १ बाट क्रमशः**

## थामेमा भीषण...

वर्षात्‌विना नै कोशीमा आएको बाढीको कारणबारे अनुसन्धान भइरहेको प्रहरी नायब उपरीक्षक घिमिरेले बताए । थामेभन्दा माथिको हिमताल फुटेर कोशीमा बाढी आएको हुनसक्ने स्थानीयको अनुमान छ । थामेमा करिब ५०-५१ वटा घर रहेको बताइएको छ। सिजनको बेला पर्यटकको चहलपहल हुने गरेको छ। तर हाल 'अफ सिजन' रहेकाले त्यहाँका होटल सञ्चालकहरू कुरुवा राखेर काठमाडौंमा बसिरहेको एक पर्यटन व्यवसायीले बताए । जसले गर्दा ठूलो मानवीय क्षति हुनबाट जोगिएको छ ।

यसैबीच जल तथा मौसम विज्ञान विभागअन्तर्गतको बाढी पूर्वानुमान महाशाखाले थामे क्षेत्रमा शनिबार बिहानसम्म थप सतर्कता अपनाउन आग्रह गरेको छ । शुक्रबार दिउँसो थामेखोलामा एक्कासि बाढी आएको घट्‌नाको प्रारम्भिक अध्ययन गर्दा खोलाको माथिल्लो तटीय क्षेत्रमा साना ठूला गरी छ वटा हिमताल/हिमपोखरीहरू रहेको देखिएको महाशाखाले जनाएको छ ।

महाशाखाका अनुसार उक्त क्षेत्रको नजिक रहेको फोर्से केन्द्रमा विगत सात दिनमा कूल ६५ मिलिमिटर वर्षा मापन भएको छ । विभिन्न प्रारम्भिक जानकारीबाट निरन्तर वर्षा र तापक्रम वृद्धिले सो क्षेत्रमा हिमपहिरो गएको कारण वा अन्य कुनै कारणले थामे खोला जलाधारमा रहेका विभिन्न हिमतालहरू मध्य कुनै हिमताल विष्फोट भएको हुनसक्ने देखिएको महाशाखाले जनाएको छ ।

## गलत सूचना...

प्रजिअ श्रेष्ठले घट्‌ना दुःखद्‌ भएको बताउँदै शुक्रबार ट्रकका मालिकलाई काठमाडौं बोलाएको र मृतकका परिवारलाई पनि सम्पर्कमा ल्याएर छलफल गर्ने बताइन्‌ । शव परीक्षणका काम अगाडि बढाउन आवश्यक पहल भइरहेको प्रजिअ श्रेष्ठले बताइन्‌ ।

### सिसिटिभी फुटेजमा यस्तो देखियो

सार्वजनिक भएको सिसिटिभी फुटेजमा कौशलटारबाट गट्‌ठाघरतर्फ आउने सडकमा सवारी चेकिङका लागि उभिएका ट्राफिक प्रहरी देखिन्छन्‌ । त्यही क्रममा केही सवारीसाधन आइरहेका छन्‌ । दुर्घटनामा परेको स्कुटर पनि आइरहेको देखिन्छ । स्कुटरले गति कम गरेसँगै तीव्रगतिमा आएको ट्रकले ट्राफिक चेकिङ अगाडि नै दायाँतर्फबाट ठक्कर दिन्छ र घिसार्दै पर लैजाँदा दुर्घटनाग्रस्त स्कुटर ट्रकको बायाँतर्फ आइपुग्छ । ट्रकको चक्कामुनि स्कुटर पर्छ ।

उद्धारका लागि सडकमा रहेका ट्राफिक प्रहरी पुग्छन्‌ । यो दृश्यले ट्रक चालकको ठूलो लापारवाहीका कारण घटना भएको देखिन्छ । जिल्ला प्रहरी परिसर भक्तपुरका सूचना अधिकारी एवं प्रहरी नायब उपरीक्षक राजन कार्कीका अनुसार घटना भएको समयमा अन्य दिनमा जस्तै नियमितरूपमा ट्राफिक चेकिङ भए पनि दुर्घटनाग्रस्त स्कुटर र ट्रकलाई रोकेको देखिँदैन । यसमा ट्राफिक प्रहरीको गल्ती नभएको उनको भनाइ छ ।

### प्रहरीले सञ्चारमाध्यमलाई सूचना नदिँदा समस्या

दुर्घटना भएलगत्तै शवको दर्दनाक अवस्था देखेर आक्रोशित भीडले ट्राफिक प्रहरीको चेकिङले दुर्घटना भएको भन्दै जाइलाग्यो । ड्युटीमा खटिएका ट्राफिक प्रहरीलाई केही व्यक्तिले कुटपिट र पोसाक च्यातेर आक्रमण गरेका थिए । केही व्यक्तिले घरभित्र र होटलभित्र पसेका ट्राफिक प्रहरीसमेतलाई बाहिर निकालेर हातपात गरेका थिए ।

ट्रकमा तोडफोड गरिएको थियो । आगजनी गर्ने तयारीसमेत भएको अवस्थामा प्रहरीले स्थिति नियन्त्रणमा लिन खोज्दा दोहोरो झडप भई स्थिति तनावग्रस्त बने पनि सञ्चारमाध्यमलाई भक्तपुर प्रहरीले कुनै जानकारी नदिँदा भ्रमपूर्ण सूचना फैलियो । घटनाबारे विभिन्न सञ्चारमाध्यमले जिल्ला प्रहरी परिसर भक्तपुरका प्रमुख प्रहरी उपरीक्षक बेद विष्टलाई पटकपटक फोन गरेर जानकारी लिन खोजे । विष्टले फोन नउठाएपछि सूचना अधिकारी एवं प्रहरी नायब उपरीक्षक राजन कार्की र ठिमी वृत्तका डिएसपीसँग पटक-पटक फोन गर्दा मोबाइल नउठाएपछि कतिपय सञ्चारमाध्यमले स्थानीयको भनाइलाई आधार मान्दै समाचार सम्प्रेषण गर्न बाध्य भए । जसका कारण गलत सूचना सम्प्रेषण भयो । भक्तपुरमा जस्तोसुकै घट्‌ना हुँदा पनि केही महिनायता सञ्चारकर्मीको फोन प्रहरीले घट्‌ना भएको घण्टौंसम्म नउठाउँदा सूचना गलत प्रवाह हुने गरेको सञ्चारकर्मी बताउँछन्‌ ।

### सनाखतमा यसकारण चुक्यो प्रहरी

घटनामा सुरुमा प्रहरीले मृतकको गलत सनाखत गरेको थियो । ट्रकको ठक्करबाट एक युवतीको नाम दिँदै निधन भएको विवरण सञ्चारमाध्यमलाई प्रहरीले दियो । घटनास्थलमा दोलखा घर भएका शम्भु नेपालीले मृतक आफ्‌नो बहिनी भएको बताएपछि प्रहरीले त्यसैलाई आधार मानेर सनाखत गरेको थियो ।

सञ्चारमाध्यममा आफ्‌नो नाम आएपछि ती युवती आफै प्रहरीमा उपस्थित भएपछि प्रहरी थप अन्योलमा परेको थियो । प्रहरीले आफ्‌नो बहिनी भनेर गलत सनाखत गर्ने नेपालीलाई पक्राउ गरेर कारबाहीको तयारी गरेको छ । सुरुमा महिलाको शव भनेको प्रहरीले घट्‌नाको पाँच घण्टापछि स्कुटरमा रहेको कागजपत्रको आधारमा मृतक पुरुष भएको पहिचान गरेको थियो । सोही कागजपत्रको आधारमा मृतकका आफन्तले बिहीबार राति नै सनाखत गरेका थिए ।

प्रहरी नायब उपरीक्षक कार्कीले शव क्षतविक्षत अवस्थामा रहेकाले तत्कालै महिला वा पुरुष को हो भनेर पहिचान गर्न नसकेको बताए । घट्‌नास्थलमा भएको तनावग्रस्त अवस्थामा ट्रक मुनिबाट शव झिक्न नसक्दा पनि पहिचानमा ढिलाइ भएको उनको भनाइ छ ।

मृतकको एउटा खुट्टाबाहेक शरीरको कुनै पनि भाग सग्लो नहुँदा सनाखतमा समस्या भएको र सिसिटिभी फुटेज हेरेपछि मात्रै प्रस्टरूपमा मृतक पुरुष भएको पुष्टि भएको उनको भनाइ छ । प्रदर्शनकारीले प्रहरीमाथि आक्रमण गरेर दोहोरो झडप भएपछि शव झिक्न नसकेपछि क्रेन ल्याएर ट्रक तानेर शव झिक्न खोजेको थियो । प्रदर्शनकारीले क्रेनसमेत ल्याउन नदिएपछि शव पहिचान गर्न ढिलाइ भएको उनको भनाइ छ । *(राससको सहयोगमा)*

## सहायक प्रजिअको ...

शुक्रबार नै प्रहरीले पनि छानबिन समिति गठन गरेको छ । गृहमन्त्री रमेश लेखकको निर्देशनपछि उपत्यका प्रहरी कार्यालयका एसपी प्रदीप केसीको नेतृत्वमा छानबिन समिति बनाएर शुक्रबारदेखि काम सुरु गरेको प्रहरीले जानकारी दिएको छ ।

## हात्तीमैत्री बन्यो...

भारतबाट हात्ती पस्ने मुख्य गौंडाको रूपमा चिनिएको साविक बाहुनडाँगी अर्थात्‌ अहिलेको मेचीनगर-४ का वडाध्यक्ष अर्जुनकुमार कार्की अब मानव र हात्तीबीच द्वन्द्वलाई सहअस्तित्त्वको माध्यमबाट समाधान गर्नुपर्ने बेला आएको बताउँछन्‌ । 'जंगली बासस्थान र आहारको प्राकृतिक स्रोत मासिँदै गएपछि हात्तीहरू मान्छेको बस्ती र खेतबालीमा पस्न थालेका हुन्‌ भने आफ्‌नो आवास र उत्पादनमाथि धावा बोल्न थालेपछि मान्छेले पनि हात्तीलाई मार्नेसम्मको गतिविधि गरेका हुन्‌,' वडाध्यक्ष कार्की भन्छन्‌, 'अब पुरानो सोचबाट यो अस्तित्वको लडाइँ समाप्त हुँदैन । हात्ती त जनावर भयो । कसरी सहअस्तित्व कायम गर्ने भन्ने उपाय खोज्ने काम चेतनशील मानिसको जिम्मेवारी हो ।'

मानिसले हात्तीसँग झडपमा उत्रिने स्थितिको अन्त्य गर्दै हात्तीमैत्री नीति र कार्यक्रम अघि सार्नुपर्ने उनको धारणा छ । केही वर्षदेखि बाहुनडाँगीमा उनकै नेतृत्वमा प्रकृति संरक्षण, हात्ती धपाउन आधुनिक प्रविधिको प्रयोग र बिमामार्फत बाली क्षतिपूर्तिको व्यवस्थाका विभिन्न आशलाग्दा कार्यक्रमहरू सञ्चालन भइरहेका छन्‌ ।

हात्तीलाई पर्यटनसँग जोड्‌नका लागि मेची नदीको मुख्य गौडाहरूमा हात्तीको आहार हुने बोटविरुवा हुर्काउने प्रकृति पार्क निर्माण गरिएको छ । बाहुनडाँगीमा जिपिएस प्रविधिमार्फत हात्ती प्रवेश गरेको सूचना दिने अत्याधुनिक प्रणाली जडान गरिनुका साथै साइरन बज्ने व्यवस्था मिलाइएको उनले बताए ।

हात्तीको प्रवेश रोक्न बाहुनडाँगीको १८ किलोमिटर सीमा क्षेत्रमा विद्युतीय तारबार लगाइएको छ । हात्तीको निगरानी गर्ने र स्थानीयबासीलाई सुरक्षा दिनका लागि आरआरटी नामक युवा दस्ता परिचालन गरिएको छ । 'किसानहरूले लगाएको खेतीबालीमा हात्तीले नोक्सानी गरेमा त्यसको क्षतिपूर्ति दिलाउन हामीले बिमाको व्यवस्था मिलाउँदै छौं,' वडाध्यक्ष कार्की भन्छन्‌, 'धान, मकै, तरकारीलगायतका बाली हात्तीले खाँदा क्षतिपूर्ति पाउने भएपछि किसानहरू हात्तीसँग झडपमा उत्रिदैनन्‌ । यो नै मानवीय क्षति रोक्ने अचुक उपाय हो ।'

विगत तीन वर्षयता मेचीनगरको बाहुनडाँगी क्षेत्रमा हात्तीको आक्रमणमा मानवीय क्षति भएको छैन । गाउँले धुइरिएर हात्ती लखेट्‌ने चलन हटेपछि क्षति रोकिएको बाहुनडाँगीबासीको अनुभव छ । स्थानीय नगरपालिकाले पनि हात्तीमैत्री कृषि उद्यमका लागि अनुदान उपलब्ध गराउन थालेको छ । 'विगतमा हात्तीलाई आतंकको रूपमा व्याख्या गर्दै मानिसहरूले नियन्त्रणका लागि पुल्ठो बाल्ने, पटाका पड्‌काउने, सुरुङ खन्ने, हात्तीबार लगाउने, दलबलका साथ गस्ती गर्नेलगायतका सबै उपाय गरेकै हो,' उनी भन्छन्‌, 'हामीले अपनाएका उपायहरूमध्ये विद्युतीय तारबार र सहअस्तित्वका लागि हात्तीमैत्री नीति सबैभन्दा प्रभावकारी सावित भएका छन्‌ ।'

प्रकृति संरक्षण कोषका कोशी प्रदेश प्रमुख वीरेन्द्र गौतमका अनुसार झापाको बाहुनडाँगीमा एक दशकअघि नै १८ किलोमिटर विद्युतीय घेराबेरा गरिएको छ । जसका कारण भारतबाट हात्ती आउन अधिकतम्‌ मात्रामा रोकिएको दाबी छ । हाल बाहुनडाँगी, जलथल र चारआली जंगलको वरिपरि ७८ किलोमिटर लामो विद्युतीय तारबार सम्पन्न भइसकेको छ । यसमा राज्यले १२ करोड रूपैयाँभन्दा बढी नै लगानी गरिसकेको छ । जंगली हात्तीको आक्रमणबाट मानव वस्ती जोगाउने सबैभन्दा भरपर्दो उपायको रूपमा विद्युतीय घेराबेरा मानिएको उल्लेख गर्दै उनले झापामा जंगल क्षेत्र धेरै भएको कारण घेराबेरालाई क्रमिकरूपमा विस्तार गर्दै लैजान आवश्यक रहेको बताए ।

हात्तीसँगको तीन दशक लामो द्वन्द्वमा मानिसले हात्तीलाई मारेर होइन, मैत्रीपूर्ण व्यवहार गरेर क्षति रोक्न सकिन्छ भन्ने पाठ सिकेको छ । पहिले मानिसहरू हात्तीलाई मारेर समस्याको समाधान हुन्छ भन्ने सोच राख्दथे । तर, अहिले जंगलमै रहनका लागि आहारको व्यवस्था गर्न हात्तीलाई मनपर्ने बोटबिरुवा लगाउन समुदाय नै जुट्‌न थालेका छन्‌ ।

कोशी प्रदेश सरकारका निवर्तमान मुख्यमन्त्री केदार कार्कीले 'जसको जंगल उसकै मंगल' भन्ने नारासहित सात महिनाअघि झापाको बाहुनडाँगीदेखि उदयपुरसम्म हात्तीमैत्री पैदलयात्रा गरेका थिए । उनले हात्ती हिँड्‌ने क्षेत्रलाई करिडोरको रूपमा विकास गरेर पर्यटन प्रवर्द्धन गर्नुपर्ने नयाँ अवधारणा अघि सारेका थिए ।

हात्तीलाई जंगलमा आहार जुटाउन अर्जुनधाराको खुदुनाबारीस्थित जुकेखाँडी समुदायिक वनले २० हजार फलफूलका बिरुवा हालै जंगलमा रोपेको छ । स्थानीय समुदायसमेत हात्तीमैत्री उपायहरू अवलम्बन गर्दै मानव हात्ती द्वन्द्व न्यूनीकरण गर्नुपर्नेमा सहमत हुन थालेका छन्‌ ।

मेची चरा तथा वन्यजन्तु संरक्षण समाजका अध्यक्ष देवेन्द्र खरेल हात्तीमैत्री कार्यक्रमका लागि सरकारले पर्याप्त बजेट छुट्याउनुपर्ने माग गर्छन्‌ । हात्तीको नजिक गएर नजिस्काएसम्म उसले कहिल्यै आक्रमण नगर्ने जनाउँदै उनले आहारको खोजीमा बाध्य भएर जंगली जनावरहरू मानववस्तीमा पस्ने गरेको बताए ।

नेपालको सबैभन्दा बढी हात्तीपीडित क्षेत्रको रूपमा बाहुनडाँगीको चर्चा हुन थालेको चार दशक भइसक्यो । सडकदेखि सदनसम्म बाहुनडाँगीबासीलाई कसरी हात्तीको आक्रमणबाट जोगाउने भनेर उपाय खोजिन्छ । मानव-हात्ती द्वन्द्वका कारण सबैभन्दा बढी मानवीय क्षति व्यहोरेको बाहुनडाँगीले अब हात्तीलाई माया गर्न थालेको छ । जसका कारण मानव र हात्ती दुवै सहअस्तित्वमा रम्ने वातावरण बनेको छ । *रासस*


**कुवेतमा रोजगार**
कम्पनी : Latifa Al-Mahaini Atelier Company for Women's Clothing
शहर : Mubarak Alkabir

पूर्व स्वीकृति मिति : २०८१/04/३२ LT. No.308967 चलानी नं.६०२२३६५२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner General(Female) | 0 | 2 | 95 | ४१,८२० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Tailor/Embroiderer | 0 | 3 | 150 | ६६,०३० | | | | | | | |

कम्पनी : ABNB FOOD SUPPLIES COMPANY शहर : Mubarak Alkabir

पूर्व स्वीकृति मिति : २०८१/04/३२ LT. No.308965 चलानी नं.६०२२३६५३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Indoor Cleaner | 5 | 0 | 95 | ४१,८२० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Kitchen Helper | 15 | 0 | 120 | ५२,८२५ | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ भदौ ८ गते (24th Aug. 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

EXPRESS RECRUITER NEPAL PVT. LTD
Govt. License No. 1613/079/080
Dhumbarahi-4, Kathmandu, Nepal, Ph. No: +977-01-5916897,5917897
E-mail : expressrecruiternepal.com, expressrecruiter.nepal@gmail.com

**साउदीमा रोजगार**
कम्पनी : FINE DINING RESTAURANT SERVING MEALS
शहर : Hail

पूर्व स्वीकृति मिति २०८१/04/३२ LT. No. 309097 चलानी नं. ६०२२३६८९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cook | 4 | 0 | 1500 | ५३,८५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ भदौ ८ गते (24th Aug. 2024) मा हुनेछ ।**

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: निःशुल्क

Kapeel Manpower Pvt. Ltd.
श्रम इजाजत नं. १८५/०५७/०५८
P.O. Box: 8975, Kupandole, Lalitpur, Nepal
Tel: 01-5451901, Fax: 977-1-5542407, Mobile: 9851324457, 9823299605
E-mail: kapeelmanpowerpvtltd@gmail.com, Website: www.kapeelmanpower.com.np

**कुवेतमा रोजगार**
कम्पनी : SASHA RESTAURANT AND CAFE COMPANY
शहर : Mahaboula Block 3, Al Ahamadi

पूर्व स्वीकृति मिति : २०८०/०९/०३ पुन विज्ञापन स्वीकृति मिति २०८१/04/३२ LT. No. 296542 चलानी नं.६०२११७३४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cook | 2 | 0 | 140 | ६१,६३० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Waiter/Waitress | 3 | 3 | 140 | ६१,६३० | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ भदौ ८ गते (24th Aug. 2024) मा हुनेछ ।**

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००

Omega International Pvt. Ltd.
Govt. License No. 1352/074/075
Basundhara, Kathmandu, Nepal, Ph. No: +977-4954327, 4954337
E-mail : info@omeganepal.com,Website : www.omeganepal.com

**साउदीमा रोजगार**
कम्पनी : AL YUSR INDUSTRIAL CONTRACTING COMPANY
शहर : Jubail

पूर्व स्वीकृति मिति : २०८१/04/३२ LT. No. :309024 चलानी नं. ६०२२३६४७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Worker | 30 | 0 | 1000 | ३५,५३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ भदौ ८ गते (24th Aug. 2024) मा हुनेछ ।**

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००

All Asia Overseas Pvt.Ltd
श्रम इजाजत नं. १३०५/०७४/०७५
Ratopul, Gaushala-7, Kathmandu, Nepal
Phone +977-01-4621975, 4621918 E-mail : info@allasiaoverseas.com


## आजको राशिफल



**आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरु**
**इन्टरनेसनल एस्ट्रोलोजिकल फोरम**
**सानेपा, काठमाडौं, नेपाल**
**फोन : ९८४१५९२५५२,**
Email: dhruvswamig@gmail.com

**शनिबार, ०१ भदौ, २०८१**

**मेष** रोकिएका काम बन्नाले उत्साह जाग्नेछ ।

**वृष** मिहिनेत गर्दा विशेष अवसर प्राप्त हुनेछ ।

**मिथुन** फाइदा हेर्दा नाम बिग्रन सक्छ ।

**कर्कट** विभिन्न उपहार प्राप्त हुने समय छ ।

**सिंह** भविष्यका लागि सम्भावना खोजी गर्ने समय छ ।

**कन्या** स्वास्थ्यका लागि आहार-विहारमा अलि सजग रहनुपर्नेछ ।

**तुला** प्रियजनसँगको भेटघाटले दिन रमाइलो रहनेछ ।

**वृश्चिक** अवसर भए पनि अध्ययनमा धेरै समय दिन नसकिएलो ।

**धनु** अवसरका साथ चुनौती पनि देखा पर्नेछन्‌ ।

**मकर** मिहिनेतको प्रतिफल अरूले हत्याउने चेष्टा गर्नेछन्‌ ।

**कुम्भ** पहिलेको आम्दानी प्राप्त हुनाले उत्साह जाग्नेछ ।

**मीन** मिहिनेतले नाम, दाम र इनाम दिलाउनेछ ।

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला पहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक पहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५/६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६/६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्स/शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातव्य चिकित्सालय/शववाहन सेवा | ४२५५५४०/४२५५५४१ |
| (काठमाडौं) भक्तपुर रेडक्रस एम्बुलेन्स/रक्तसञ्चार सेवा | ६६१२२६६ |
| नेसनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर ट्याक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

०१ भदौ, २०८१ (१७ अगस्ट, २०२४)

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रुपैयाँ | १०० को | १६०।०० | १६०।१५ |
| अमेरिकी डलर | १ को | १३४.०४ | १३४.६४ |
| युरो | १ को | १४६.३४ | १४६.९९ |
| पाउन्ड स्टिर्लङ | १ को | १७०.८४ | १७१.६१ |
| स्विस फ्रैन्क | १ को | १५५.०२ | १५५.७२ |
| अस्ट्रेलियन डलर | १ को | ८८.११ | ८८.५१ |
| क्यानाडियन डलर | १ को | ९७.५४ | ९७.९७ |
| सिँगापुर डलर | १ को | १०१.२३ | १०१.६८ |
| जापानी येन | १० को | ९.१२ | ९.१६ |
| चिनियाँ युआन | १ को | १८.६९ | १८.७८ |
| साउदी अरब रियाल | १ को | ३५.७१ | ३५.८७ |
| कतारी रियाल | १ को | ३६.७६ | ३६.९३ |
| थाई भाट | १ को | ३.८१ | ३.८२ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३६.४९ | ३६.६६ |
| मलेसियन रिङेट | १ को | ३०.३१ | ३०.४४ |
| दक्षिण कोरियन वन | १०० को | ९.८१ | ९.८५ |
| स्विडिस क्रोनर | १ को | १२.७२ | १२.७८ |
| डेनिस क्रोनर | १ को | १९.६१ | १९.७० |
| हङकङ डलर | १ को | १७.१९ | १७.२७ |
| कुवेती दिनार | १ को | ४३७.८० | ४३९.७६ |
| बहराइन दिनार | १ को | ३५५.६१ | ३५७.२० |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेभसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।



**बनेपामा शुक्रबारे हाट बजार** | काभ्रेपलाञ्चोकको बनेपा नगरपालिकास्थित लायकुमा सञ्चालित शुक्रबारे हाट बजार । नगर कार्यालयको व्यवस्थापनमा तीन महिनादेखि सञ्चालित उक्त हाट बजारमा जिल्ला तथा आसपासमा उत्पादित अर्गानिक तरकारीलगायत उपभोग्य सामग्री राख्ने गरिएको छ । *तस्बिरः राजकुमार पराजुली/रासस*

# विद्यार्थीको निगरानीमा शिक्षक !

**टीकापुर (कैलाली)**– कैलालीको टीकापुर नगरपालिका वडा नं. ३ स्थित हिमालय माध्यामिक विद्यालय घिया पुछरीका विद्यार्थीहरूले शिक्षकको निगरानी गर्न थालेका छन् । विद्यालयमा शिक्षकको नियमित उपस्थिति र कक्षा समय बढाउन विद्यार्थीले शिक्षकको निगरानी गर्न थालेका हुन् । विद्यार्थीहरूले शिक्षक कक्षामा प्रवेश गर्ने र बाहिर निस्कने समयको 'रेकर्ड' राख्न थालेका छन् ।

विद्यालय प्रशासनले शिक्षक पूरा समय कक्षामा बस्नै पर्ने गरी यो नियम लागू गरेर 'रेकर्ड' राख्ने जिम्मा विद्यार्थीलाई दिएको हो । विद्यालयले कक्षा लिडर (मनिटर) ले यो रेकर्ड राख्नुपर्ने जिम्मा दिनुका साथै मासिक विवरण राख्न लग बुक दिएको छ । विद्यालयमा गत शैक्षिकसत्रबाट यो अभ्यास थालिएको हो ।

कक्षा ८ का मनिटर नमूना पौडेल कक्षाकोठामा शिक्षक प्रवेश गरेपछि शिक्षक आएको गएको रेकर्ड राख्ने र महिना पुगेपछि प्रधानाध्यापकलाई बुझाउने गरेको बताए । 'सुरुमा अप्ठयारो लागेको थियो, विद्यालयले हामीलाई लगबुक दिएको छ,' उनले भने, 'हरेक शिक्षक आएको र गएको समय लेख्छौं ।'

शिक्षक कक्षाकोठामा प्रवेश गरेको र बाहिरिएको समय लेख्ने गरिएको कक्षा ६ का मनिटर मनोज चौधरीले बताए । 'हामीले महिनाभरिको रेकर्ड राख्छौं र विद्यालयमा बुझाउने गर्छौं,' उनले भने, 'शिक्षकको रेकर्ड राख्न थालेपछि विद्यार्थी पनि अनुशासित भएका छन् । हामी पनि कक्षा अवधिभर बाहिर निस्कदैनौं ।'

हिमालय मावि घियाका प्रधानाध्यापक बुद्धिराम चौधरी शिक्षकको कक्षाकोठामा नियमित उपस्थिति बढाउन विद्यार्थीले शिक्षकको रेकर्ड राख्न थालिएको जानकारी दिए । 'केही शिक्षकहरू १० मिनेट ढिलो कक्षामा प्रवेश गर्ने, पाँच मिनेट पहिल्यै कक्षा छोड्ने गरेको देखिन्थ्यो, यसैलाई रोक्न निगरानी गर्ने जिम्मा विद्यार्थीलाई दियौं,' उनले भने, 'सुरुमा विद्यार्थीले निगरानी गर्ने भनेपछि केही शिक्षकले यस्तो शैली मन पराएका थिएनन् । यसले शैक्षिक सुधारमा सघाउँछ । सबै शिक्षकलाई जिम्मेवार बनाउँछ भनेपछि शिक्षक साथीहरू तयार हुनुभयो ।'

विद्यार्थीले शिक्षक कक्षा प्रवेश गरेको र निस्किएको रेकर्ड राख्न थालेपछि शिक्षकले जिम्मेवारी र अनुशासन पालना गरेको उनको भनाइ छ । 'इमान्दार शिक्षकलाई यस कार्यले खुसी दिएको छ । कक्षाकोठामा नियमित शिक्षण सिकाइ क्रियाकलाप पूरा गर्न शिक्षकले लापरवाही गर्न पाइदैन भन्ने हो,' प्रअ चौधरीले भने, '४५ मिनेट पूरा विद्यार्थीलाई दिनुपर्छ भन्ने हो । समय ख्याल नगरे पठनपाठन र नियमित क्रियाकलापमा असर पार्छ ।' प्रअ चौधरीका अनुसार सुरुमा शिक्षकको मूल्यांकन विद्यार्थीले गर्ने भनी शिक्षकहरूलाई नरमाइलो लागेको थियो तर सकारात्मक पक्ष, समय पालना नियमित हुन्छ भनी लागू गर्दा, अहिले शैक्षिक सुधार भएको छ । *रासस*

# न्यकू जात्रा मतयाः भदौ पहिलो साता

■ प्रभाव संवाददाता

**पाटन (ललितपुर)**– यस वर्षको न्यकू जात्रा मतयाः आगामी भदौ ५ गते लोकाकीर्ति महाविहार नकबहिलमा हुने भएको छ । पाटनको पौराणिक, ऐतिहासिक यो मतयाः सञ्चालन गर्ने मूल समारोह समितिको क्षेत्र नं १ नकबहिलले बिहीबार यहाँ पत्रकार सम्मेलन आयोजना गरी यसबारे जानकारी गराएको हो ।

एक हजार ४०० वर्षदेखि सञ्चालनमा रहेको न्यकू जात्रा मतयाः मृत्यु भएका आफन्तको आत्मशान्ति, राम्रो स्थानमा बास होस् भनेर मनाइने गरिएको आयोजक समितिका महासचिव आशारत्न शाक्यले जानकारी दिए । 'नेपाल संवत्अनुसार दशौं महिना गुँलाभरि विभिन्न बौद्ध धार्मिक परम्परा सञ्चालन हुने गरेको छ, जसमध्ये करिब ८५० वर्षअघि लिच्छिवी राजा बालार्चन देवले ज्येष्ठवर्ण महाविहार तंगबहाः स्थापना गरेको उपलक्ष्यमा ललितपुर नगरमा थालेको मतयाः अर्थात् दीपयात्रा परम्परा यस वर्ष भदौ ५ गते परेको छ,' उनले भने ।

मतयाःको बिहान सबेरै ४ बजे श्रद्धालु भक्तजन नकबहिलमा भेला भई ललितपुर नगरको चार दिशामा रहेको चारवटा थूर (अशोक स्तुप) परिक्रमाको क्रमलाई आधार बनाइ दिनभर गल्लीगल्ली चोकचोकमासमेत प्रवेश गरी बौद्धिक धार्मिकस्थल देवालय, चैत्यालय, धर्मधातु, बागीश्वर परिक्रमा (लगभग १२ घण्टा) गरिने परम्परा छ । करिब दुई हजार देवी देवतालाई धूप, दियो, कपुर, पैसा, मिठाइलगायत सामग्री चढाउँदै सम्पन्न गरिने यस यात्राका पथप्रदर्शन बज्राचार्य पुरोहित रहने गरेको छ । अन्त्यमा आयोजक क्षेत्रको त्वाःम्वः (टोलका नाइके)ले निस्ला (पिण्डपात्रमा चामल, पैसा) तथा निस्लापाः (चिउरा, अदुवा, मिठाई) चढाउने परम्परा छ । सहभागीमध्येमा महादेवको उपस्थिति रहने परम्परा रहेको पत्रकार सम्मेलनमा जानकारी दिइयो ।

कुम्भेश्वरमा नवबाजा बजाई प्रारम्भ हुने मतयाः बौद्ध कथामा आधारित भए पनि शिव र शिवगणको अनिवार्य उपस्थिति रहेको प्रचारप्रसार समितिका संयोजक सुरजवीर बज्राचार्यले जानकारी दिए । 'विशेषतः परिवारजनको मृत्युबाट शोकमा परेकाको सहभागिता रहने यस यात्रामा जो कोही पनि श्रद्धा सहभागी हुनसक्छन् । आयोजना तथा सहभागिताको दृष्टिकोणले समावेशी यो पर्वलाई कुशल एवं अनुपम संस्कृति मान्ने गरिन्छ,' उनले भने, 'भगवान बुद्धको ध्यान भंग गर्न आएका स्कन्धमार, मृत्युमार, देवपुत्रमार, क्लेशमार, अभिसंस्कारमारलाई जिती बुद्धत्व प्राप्त गरेपछि ती मारहरू भगवान बुद्धकै शरणमा गएको गाईजात्राको दिनको भोलिपल्ट शरणस्वरूप श्रद्धाभावले गरिने यसयात्रा परम्परामा अजिव वेषभूषा एवं शैलीमा ख्यालः अर्थात् हास्य व्यंग्यात्मक गीत, नृत्य तथा नाटिका प्रस्तुत गर्दै सहभागी हुने समूह पनि हुन्छन् । टोलटोलबाट बाजागाजासहित विभिन्न समूहको सहभागिता रहन्छ ।'

संयोजक बज्राचार्यका अनुसार वाद्यवादन यस परम्पराको अर्को विशेषता हो । बाजा एवं वादन शैलीको अनुपम नमूना नवबाजा (धिमे, नायिख्ं, क्वँचाखिं, मगःखिं, नगरा, ढोलक, मृदंग, झ्याँकी बाजा, जोरानगरा, दह ब्याबाजा, खँजरी, दबदत, धाः, दमोखिं, नेकू, तिक्ली तथा पयताखिं) बाजा बजाउने गरिन्छ । यी बाजामध्ये धाः, न्यकू, दमोखिं, प्रमुख हुन् भने नेकू अर्थात सिंको फुकेर बजाउने बाजाकै नामबाट यस जात्रालाई न्यकू जात्रा अर्थात श्रृंगभेरी जात्रा भन्ने गरिएको हो ।


## कम्पनीको नाम परिवर्तन गरिएको सूचना

**दोस्रोटक प्रकाशित मितिः २०८१/०५/०१**

यस कम्पनीको मिति २०८१/०४/१३ मा सम्पन्न वार्षिक/विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनी **न्यु पाथिभरा ताजाखबर मिडिया प्रा.लि.** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने सम्पूर्ण कर दायित्व आदि **प्रेस पास मिडिया प्रा.लि.** (परिवर्तित नाम) कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०८१/०४/२१ गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **प्रेस पास मिडिया प्रा.लि.** (प्रा.लि.नं.१८४४६०) कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराइन्छ ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

## कम्पनी खारेज गरिएको सूचना

यस कार्यालयमा मितिः २०७७/०९/१३ मा दर्ता भएको प्रा.लि.नं. २५१३८९ को **युरोलिंक एजुकेशन हव प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८१/०४/३० को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ को उपदफा (१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

## कम्पनीको दर्ता खारेज गरिएको सूचना

यस कार्यालयमा मितिः २०७४/१०/०७ मा दर्ता भएको प्रा.लि.नं. १८१९१४ को **ईजि ईन्टरनेशनल टुर्स एण्ड ट्राभल्स प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८१/०४/३० को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ को उपदफा (६) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

## शिलवन्दी दरभाउ पत्र प्रक्रियाबाट वन पैदावार बिक्रीको सूचना

**प्रथम पटक सूचना प्रकाशित मिति : २०८१/०५/०१**

श्री वनशक्ति सामुदायिक वन उपभोक्ता समूहको आ.व. २०८०/८१ को C1S1 मा गरिएको पुनरूत्पादन कटान, सम्पूर्ण वनक्षेत्रमा गरिएको ढलापडा संकलन तथा झाडिसफाई कार्य मार्फत यस सामुदायिक बनबाट उत्पादन भई समुहको राजपुर स्थित घाटगद्दीमा विभिन्न लट बनाई राखिएको अस्ना, सिसौ, जामुन, दवदवे, धौटी, खयर लगायतका अन्य प्रजातिको गोलिया थान २३२१ को परिमाण १०४०३.१५ क्यु.फिट र अन्य प्रजातिको दाउरा २६.५ चट्टा, सिसौ मिश्रित दाउरा २ चट्टा, सिसौ दाउरा १ चट्टा गरि दाउरा जम्मा २९.५० चट्टा जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानुपर्ने गरि लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । इच्छुक वन पैदावारको कार्य गर्न दर्ता भएका स:मिल वा कम्पनीले यो सूचना प्रकाशित मितिले २१ (एक्काईस) दिन भित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धी विस्तृत जानकारीको लागि यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ । पुर्ण व्यहोराको सूचना यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयको सूचना पाटिमा टाँस गरिएको छ ।

**श्री वनशक्ति सामुदायिक वन उपभोक्ता समूह**
**राप्तीसोनारी–२, राजपुर बाँके**

## अधिकतम खुद्रा बिक्री मूल्य (MRP) प्रकाशनको सूचना

यस फर्म कम्पनीले भारतबाट पैठारी गरेको देहायको मालबस्तुहरुको अधिकतम खुद्रा बिक्री मूल्य (MRP) निम्न बमोजिम भएको व्यहोरा सर्वसाधारणको जानकरीका लागि प्रकाशन गरिएको छ ।

तपसिल

| S. N. | Product | Brand | Model | Origin of Country | Unit | Rate | Capacity | Total MRP | Remarks |
|---|---|---|---|---|---|---|---|---|---|
| 1 | AC | Konka Brand | KAC12AMB | India | Pcs | INR | 1 Ton | 47,000 | |

**बिक्रताको नाम : सौरभ फोटो इन्टरनेशनल । ठेगाना :** तिनकुने, सुविधानगर, काठमाडौं ।
**प्यान नं.:** ३०००५०२७१ । **फोन नं.:** ०१–४१११६३०

## साउदीमा रोजगार

कम्पनी : SAMI MATAR BIN SAYYAH AL-ANAZI CAFE FOR SERVING DRINKS
शहर : ..........

पूर्व स्वीकृति मिति : २०८१/०४/०७ | LT. No. 307798 | चलानी नं.६०२२१६५८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Coffee Provider | 4 | 0 | 1200 | ४२,६०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |
| 2 | Worker | 2 | 0 | 1200 | ४२,६०० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ भदौ ८ गते (24th Aug. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले | सेवा शुल्कः १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

AAKRITI RECRUITING PVT. LTD
Govt. License No. 917/067/068
Sinamangal-9, Kathmandu, Nepal, Contact: +977-4110811, 4110823
E-mail : kunchha@arplteam.com, kunchhanepal@gmail.com, Web: www.arplteam.com

## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : JOULI BURGER RESTAURANT CO.WLL

पूर्व स्वीकृति मिति : २०८१/०४/३२ | LT. No. 309103 | चलानी नं. ६०२२३६७५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Restaurant Worker | 1 | 3 | 120 | ५२,८२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ भदौ ८ गते (24th Aug. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | कामदार आफैंले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले | सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Sagarmatha International Employment Pvt. Ltd.
K.B INTERNATIONAL EMPLOYMENT (P) LTD
Airport, Kathmandu, Nepal. Tel : 015916758/59, Mobile: 9851209638, 9851027865, 9823810701, E-mail:infokbintl@gmail.com Web:www.kbemployment.com

## युएईमा रोजगार

कम्पनी : TOP ONE BUILDING SECURITY
शहर : .........

पूर्व स्वीकृति मिति २०८०/०१/१४ | पुन विज्ञापन स्वीकृति मिति २०८१/०४/३२ | LT. No.285276 | चलानी नं. ६०२००७६५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security | 11 | 0 | 1200 | ४३,५५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ भदौ ८ गते (24th Aug. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले | सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Humour Overseas Pvt. Ltd.
श्रम इजाजत नं. ७७७/०६५/०६६
Gwarko-7, Lalitpur, Tel No. +977-01-5528563, 5531210, 5525424
Email : humouroverseas777@gmail.com, infohumour@gmail.com, www.humouroverseas.com

## कुवेत/युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : NOUR AL-DANA COMPANY FOR DELIVERING CONSUMER ORDERS

पुर्व स्वीकृति मिति २०८१/04/३२ | LT. No.309095 | चलानी नं. ६०२२३६२३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Light Vehicle Driver | 45 | 0 | 135 | ५९,४२४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : SUPREMO HOSPITALITY SERVICES L.L.C

पुर्व स्वीकृति मिति २०८१/04/३२ | LT. No.309121 | चलानी नं. ६०२२३६९६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव UAE | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner General | 30 | 0 | 1000 | ३६,५७२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ भदौ ८ गते (24th Aug. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले | सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Saudi Nepal Recruitment Agency Pvt.Ltd.
श्रम ईजाजत न. ७९७/०६५/०६६
Ganesh Basti, Maharajgunj 04, Kathmandu, Nepal
Tel.+977-01-4720350, 4720849, 5908112
E-mail:info@saudinepal.comWebsite :www.saudinepal.com

## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : SALESBURY LANDSCAPING

पुर्व स्वीकृति मिति २०८१/०३/३२ | LT. No. 308979 | चलानी नं. ६०२२३६१२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Agricultural Worker/animal Farm Worker | 2 | 0 | 1300 | ४७,७०० | श्र.नि. अनुसार | ८ घण्टा | ६ दिन | श्र.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Forester | 2 | 0 | 1300 | ४७,७०० | | | | | | | |
| 3 | Gardener | 2 | 0 | 1300 | ४७,७०० | | | | | | | |
| 4 | Horticulture | 2 | 0 | 1300 | ४७,७०० | | | | | | | |
| 5 | Pesticide Worker | 1 | 0 | 1300 | ४७,७०० | | | | | | | |
| 6 | Plumber | 1 | 0 | 1300 | ४७,७०० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ भदौ ९ गते (25th Aug. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले | सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Nile International Manpower Agency Pvt. Ltd.
Sinamangal, Kathmandu, Nepal Tel : +977-1-4599491, 4578036
Fax : 00977-1-4494529 Email : nileintl@wlink.com.np/nileintl1@gmail.com /nileintl2008@yahoo.com Website: www.nilegroupofcompanies.com
श्रम ईजाजत नं. ८२०/०६६/०६७

## कुवेत/युएईमा रोजगार

कम्पनी : MASAR COMPANY FOR TAILORING ARAB MEN'S CHOTHING CLOTHING AND FABRICS
शहर : Al Farwaniya

पूर्व स्वीकृति मिति २०८१/०४/३२ | LT. No.308982 | चलानी नं.६०२२३६१७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Tailor | 5 | 0 | 200 | ८८,०४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : AL-SAFWA REGIONAL GENERAL TRADING COMPANY | शहर : Gorvernorate Capital

पूर्व स्वीकृति मिति २०८१/०४/३२ | LT. No.308981 | चलानी नं.६०२२३६१६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Barista (Helper) | 2 | 3 | 130 | ५७,२२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : ALIGN TEAM LLC

पूर्व स्वीकृति मिति २०८०/०९/२२ | पुन विज्ञापन स्वीकृति मिति २०८१/०४/३२ | LT. No.297664 | चलानी नं.६०२१२७३२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Filling Clerk | 5 | 0 | 900 | ३२,२४५ | श्र.नि. अनुसार | ८ घण्टा | ६ दिन | श्र.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Cleaner | 35 | 23 | 1400 | ५०,४९५ | | | | | | | |

कम्पनी : ALIGN ON DEMAND LABORS SUPPLY SERVICES L.L.C

पूर्व स्वीकृति मिति २०८०/०३/२६ | पुन विज्ञापन स्वीकृति मिति २०८१/०४/३२ | LT. No.288953 | चलानी नं.६०२०४५०३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 92 | 0 | 900 | ३२,२४५ | श्र.नि. अनुसार | ८ घण्टा | ६ दिन | श्र.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Factory Worker/handler | 100 | 0 | 900 | ३२,२४५ | | | | | | | |
| 3 | Packer | 69 | 0 | 900 | ३२,२४५ | | | | | | | |
| 4 | Stevedore | 100 | 0 | 1000 | ३५,८३० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ भदौ ८ गते (24th Aug. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले | सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Green Tara International Overseas Services Pvt. Ltd.
श्रम ईजाजत नं. १०१८/०६८/०६९
Damodar Marga,Jawalakhel, Lalitpur, Tel: +977-015442013/14
Email: greentara.overseas@gmail.com, Website : www.greentaraintl.com

## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : HILL SUN BUILDING CLEANING SERVICES LLC

पूर्व स्वीकृति मिति : २०८१/०४/३२ | LT. No. 309013 | चलानी नं. ६०२२३६९८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Helper | 25 | 0 | 1000 | ३६,६८५ | श्र.नि. अनुसार | ८ घण्टा | ६ दिन | श्र.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Stone Mason | 15 | 0 | 1300 | ४७,७०० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ भदौ ८ गते (24th Aug. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले | सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

HAPPY NEPAL EMPLOYMENT PVT. LTD
श्रम इजाजत नं. ८८३/०६७/०६८
Maharajgunj-3, 2 No. Gate President House Kathmandu, Nepal, Tel: +977-1-4535733/4538533
Mob: 9810124818, 9847364227, Kalyan Thapa: 9840510091, 9851194513
Email: happynepalemployment@gmail.com, Web: www.happynepalemployment.com.np
Branch Office: Prithivichowk -8, Pokhara, Kaski, Ph. No - 061-591050, 9825187674
Email: happynepalemploymentpvtltdpokh@gmail.com

# 'पत्रकारितामा इमान्दारिता डगमगाएको छ'


भैरव रिसाल, वरिष्ठ पत्रकार

निष्ठापूर्ण पेसागत अभ्यास र इमानको पर्यायवाची नाम हो भैरव रिसाल । उनको पत्रकारिताप्रतिको समर्पणमा आजका दिनसम्म पनि कमी आएको छैन । जीवनको उत्तरार्द्धमा पनि उनी उत्तिकै सक्रिय छन् । रिसालको यो सक्रियता आधुनिक पुस्ताका पत्रकारका लागि अनुकरणीय र प्रेरणादायी छ । ९७ वर्षीय रिसालले कति पनि हिम्मत हारेका छैनन् । उनको इच्छा, साहस र जोस जागर अटल छ । शारीरिकरूपमा निकै कमजोर भइसक्दा पनि उनमा पेसाप्रतिको हुटहुटी उस्तै छ । जोस, जागर युवापुस्ताको भन्दा कम छैन ।

**सिबी अधिकारी**

बुधबार दिउँसो अनामनगरस्थित निवास पुग्दा वरिष्ठ पत्रकार भैरव रिसाल चस्माको सहायताले डायरीमा केही हरफ कोर्दै थिए । एकछिनको भलाकुसारीपछि उनले लामो लेखका केही हरफ पढेर सुनाउन थाले । मंगलबार नै वरिष्ठ पत्रकार रिसालले जन्मदिन थियो । उनी ९७ वर्षमा टेके । घरमा जन्मदिनको शुभकामना दिन आउनेको लर्को नै थियो । तर पत्रकार रिसाल भने भक्तपुरको दधिकोटको ऐतिहासिक 'चरखण्डी' जात्राबारे लेखन र अध्ययनमै सक्रिय थिए ।

'हातले कलम राम्रोसँग समात्न सकिन्न, थकान भइरहन्छ, आँखाले राम्रोसँग देख्न नसक्दा लेख पढ गर्न गाह्रो हुन्छ, तर पनि लेख्न र पढ्न मन लागिरहन्छ, एक मुठी श्वास रहुन्जेल यो कामलाई निरन्तरता दिन्छु, बूढो भए भनेर कहिल्यै हरेस खानुहुँदैन,' पत्रकारिताको जीवन्त इतिहासका साक्षी रिसालले उत्साहित हुँदै भने । पत्रकारितामा 'पायोनियर' वरिष्ठ पत्रकार रिसालले आधुनिक पुस्तालाई सन्देश दिँदै भने, 'पत्रकारितामा इमान्दारिता डगमगाएको छ, पत्रकारिता पत्रकारिताकै रूपमा रहिरहोस् । आजको पत्रकारिता पत्रकारिता नै भएर बाँचोस् । पत्रकारितामा सक्रियता र इमान्दारिताको खाँचो छ । पेसाप्रतिको इमान र निष्ठा हराउँदै गएको छ ।'

निष्ठापूर्ण पेसागत अभ्यास र इमानको पर्यायवाची नाम हो भैरव रिसाल । उनको पत्रकारिताप्रतिको समर्पणमा आजका दिनसम्म पनि कमी आएको छैन । जीवनको उत्तरार्द्धमा पनि उनी उत्तिकै सक्रिय छन् । रिसालको यो सक्रियता आधुनिक पुस्ताका पत्रकारका लागि अनुकरणीय र प्रेरणादायी छ । ९७ वर्षीय रिसालले कत्ति पनि हिम्मत हारेका छैनन् । उनको इच्छा, साहस र जोस जागर अटल छ । शारीरिकरूपमा निकै कमजोर भइसक्दा पनि उनमा पेसाप्रतिको हुटहुटी उस्तै छ । जोस, जागर युवापुस्ताको भन्दा कम छैन ।

### शुभेच्छुकबीच रिसाल

यही साउन २९ गते मंगलबार वरिष्ठ पत्रकार रिसाल परिवार, आफन्त र शुभेच्छुकको भीडभाडमा थिए । त्यसदिन अबेर साँझजम्म उनलाई जन्मदिनका अवसरमा दीर्घायुको शुभेच्छा थाप्न भ्याइनभ्याई थियो । परिवार, आफन्तदेखि विशिष्ट व्यक्तिहरूले वरिष्ठ पत्रकार रिसालको घरमै पुगेर शुभेच्छा प्रकट गरे । जन्मदिनको दिन पहिलो प्रहरमा जेठी छोरी सूष्मा सापकोटाले फोन गरेर बुबाको सुस्वास्थ्य एवं दीर्घायुको कामना गरिन् । त्यसपछि छोरीहरू र नजिकका आफन्त घरमा आएर मिष्ठान्न परिकार र भोजनसहित जन्मदिन मनाए । दिनभर शुभेच्छुकहरूले आशीर्वाद दिए ।

साँझ पूर्वमन्त्री एवं नेकपा माओवादी केन्द्रका नेता गिरिराजमणि पोखरेल वरिष्ठ पत्रकार रिजाललाई जन्मदिनको शुभकामना दिन उनको घरमै आए । 'निष्ठावान् र इमान्दार व्यक्तित्त्व पत्रकार रिसाल एक सच्चा वामपन्थी आन्दोलनको योद्धा नै हुनुहुन्छ,' उनले रिसालको प्रशंसा गर्दै भने, 'उनले मर्न लागेको पत्रकारितालाई बचाउनुभएको छ ।' राजनीतिप्रति खासै टिप्पणी गर्न नचाहने वरिष्ठ पत्रकार रिसाल पत्रकारितालाई जागिरका रूपमा लिन नहुने धारणा राख्छन् । उनले भने, 'पत्रकार जनताको प्रतिनिधि हुनुपर्छ, पत्रकारिता जनताको आवाज हुनुपर्छ । पत्रकारले निष्पक्ष, स्वच्छ र वस्तुनिष्ठ सामग्री सम्प्रेषण गर्नुपर्छ ।'

वातावरण संरक्षणमा पैरवी गर्न पनि वरिष्ठ पत्रकार रिसालको महत्त्वपूर्ण भूमिका रहेको छ । उनले बागमती सफाइ, संविधानमा वातावरणको विषयलाई प्राथमिकता दिनुपर्नेलगायत मुद्दालाई सशक्तरूपमा उठाएका थिए । उनले भने, 'वातावरणका मुद्दालाई किनारा लगाउन सकिएन । वातावरण संरक्षणका नाममा विकृति बढेको छ । बागमतीमा सफा पानी बगिरहोस् भन्ने मेरो चाहना छ ।'

### "अब सुनिनै छैन कुरोकन्थो"

वरिष्ठ पत्रकार रिसालले मंगलबारदेखि रेडियो सगरमाथाको कार्यक्रम 'कुरोकन्थो'बाट बिदा लिए । उनले उक्त कार्यक्रम ७१ वर्षको उमेरमा २०५६ भदौ दोस्रो सातादेखि सुरु गरेका हुन् । उक्त कार्यक्रम हरेक मंगलबार प्रसारण हुन्थ्यो । 'मंगलबारको शृंखला चलाएर अब रेडियो कार्यक्रम नगर्ने निर्णय लिएँ,' वरिष्ठ पत्रकार रिसालले भने, 'अहिले मजदुर पत्रिकामा नियमित स्तम्भकारका रूपमा छु, अब दुई-चार महिनामात्र लेख्छु होला ।'

वृद्ध उमेरमा पनि सक्रियतामा कुनै कमी छैन भन्ने जिज्ञासामा वरिष्ठ पत्रकार रिसालले भने, 'अबचाहिँ बूढो भइएछ भन्ने लाग्छ, खुट्टा राम्रोसँग टेक्न सक्दिन, तर हरेस खाएको छैन, अझै लेख्ने हिम्मत र जोस, जागर कायमै छ ।'

वि.सं. १९८५ मा भक्तपुरको गुण्डुमा जन्मिएका वरिष्ठ पत्रकार रिसालले २०१३ सालमा हालखबर दैनिकमार्फत पत्रकारिता सुरु गरेका थिए । करिब ६८ वर्षदेखि पत्रकारितामा रमाएका उनले २०२० सालदेखि २०४२ सालसम्म राष्ट्रिय समाचार समिति (रासस) मा काम गरे । उनले राससमा प्रमुख समाचारदाताको जिम्मेवारीसमेत निर्वाह गरे ।

वरिष्ठ पत्रकार रिसालले जगदम्बा श्री पुरस्कार, 'अब्राहम कन्जरभेसन' अवार्डलगायत प्रतिष्ठित पुरस्कार प्राप्त गरेका छन् । 'साधुलाई सुली,' जेल डायरी, उहिले बाजेका पालामा, लोग्ने र स्वास्नी र केही मित्रका चिठी, सुशीला-भैरव, उहिलेका कुरा, नेपाली वाङ्मयका तीन तारा, भैरव रिसालका छानिएका रचना, भैरव दाइ, बितेका कुरालगायत उनका पुस्तक प्रकाशित छन् ।

### जन्मदिनको अवसरमा तीन कृति

वरिष्ठ पत्रकार रिसालले ९७औं जन्मदिनका अवसरमा यही साउन २६ गते तीनवटा कृति सार्वजनिक गरे । विभिन्न पत्रपत्रिकामा प्रकाशित उनका लेख रचनाको संग्रह 'भैरव रिसालका छानिएका रचना-२' तथा 'बितेका कुरा' र 'अविश्रान्त भैरव' कृति पाठकमाझ आएका छन् । वातावरण पत्रकारिताको अभियानकर्ता वरिष्ठ पत्रकार रिसालले नेपालको पहिलो निर्वाचित संसद्को रिपोर्टिङसमेत गरेका थिए । उनीसँग लामो समय संसदीय रिपोर्टिङको अनुभव छ । उनले २०१७ सालमा राष्ट्रिय जनगणना अधिकृतका रूपमा पनि काम गरेका थिए । वामपन्थी राजनीतिमासमेत लागेका वरिष्ठ पत्रकार रिसाल २०४८ सालको निर्वाचनमा नेपाल मजदुर किसान पार्टी (नेमकिपा) बाट भक्तपुर क्षेत्र नं २ मा उम्मेदवार बनेका थिए ।

### रिक्लाइन सोफामा अडिएको जिन्दगी

अनामनगरस्थित घरको दोस्रो तलामा वरिष्ठ पत्रकार रिसालको कोठा छ । त्यहाँ एउटा रिक्लाइनर सोफा छ, जसमा उनको जीवन अडिएको छ । प्रत्येक दिन उनको सोफामा बसेर बित्छ । उनी बिहान उठेदेखि राति नसुतेसम्म त्यही सोफामा बस्छन् । छोरी सूष्मा रिसाल खतिवडाका अनुसार चिया, पानी पिउने, खाना, खाजा खाने, आगन्तुकलाई भेटघाट गर्ने, लेखपढ गर्ने सबै गतिविधि त्यही सोफामा बसेर नै गर्छन् ।

'बा सधैं जवान रहनुहुन्छ भन्ने मेरो भ्रम टुटिसकेको छ । मलाई ताते गराउने मेरा बालाई आज हामी ताते गराउँछौं, मलाई लेखपढ गर्न सिकाउने 'बा'का हातबाट आज अक्षर बन्दैनन् जसले गर्दा उनका मनका कुरा अर्काले लेखिदिनुपर्छ,' उनले भनिन्, 'कान नसुन्ने भएपछि दोहोरो संवादमा कमैमात्र चाख राख्नुहुन्छ । मैले कहिल्यै आँशु नदेखेका मेरा बाका आँखा आजभोलि छिनछिनमा रसाउँछन् ।'

वरिष्ठ पत्रकार रिसालको दिउँसो सुत्ने, ढल्किने वा आराम गर्ने बानी छैन । त्यो सोफामा बस्दा थाहै नपाई जिउ पुरै देब्रेतिर ढल्किन्छ । टाउको हल्लिरहन्छ । सानोसानो गाँठीको छोटोछोटो कदको शरीर अहिले त खुम्चिसकेको छ । र पनि सक्रिय दैनिकी जीवनको उत्तरार्द्धमा पनि वरिष्ठ पत्रकार रिसालको दैनिकी सक्रिय छ । हरेक बिहान ५ बजे उठेर साँझ ९ बजे उनी ओछ्यानमा जान्छन् । नियमित कर्मपछि अध्ययन, लेखन र भेटघाटलाई जारी नै राखेका छन् ।

'कान राम्ररी सुन्न छोड्नुभएको छ । लामो समय बोल्न पनि सक्नुहुन्न । नजिकै गएर कुराकानी गर्दा गफिनुहुन्छ, पुराना किस्सा सुनाउनुहुन्छ,' छोरी सूष्माले सुनाइन् । यति सब भइकन पनि वरिष्ठ पत्रकार रिसालको खान्की र निन्द्रा राम्रो छ । उनकी श्रीमती सुशीला रिसालका अनुसार बिहानको खानामा दालभात तरकारी, पिरो अचार, अचार पिरो नभए खुर्सानी, भएसम्म मासुको झोलसँग खाना खान्छन् । दिउँसो अलिकति फलफूल, खाजामा थोरै मासुचिउरा र बेलुका पनि एउटा रोटी अलिकति तरकारी अचार खान्छन् र एक कप दूध पिउँछन् ।

### छिनछिनमा आँखा रसाउँछन्

छोरी सूष्मा बुबा रिसाललाई स्मरण गर्छिन्, 'बोल्दा मन भारी भएर भक्कानिनुहुन्छ, छिनछिनमा भावुक बन्नुहुन्छ । कोठामै भएको टेलिभिजन हेर्ने र रेडियो सुन्ने, आज पनि देशको र समाजको बारेमा चिन्तित हुनुहुन्छ । देश र समाजकै हितमा समर्पित मेरा बाको निरीहपन, पीडा लुकाई मुस्कुराउन खोज्ने मुस्कानलाई पचाउन साह्रै गाह्रो भइरहेको छ ।'

कहिलेकाहीँ पीडाले कच्याककुचुक हुने बाको अनुहार, टिठलाग्दो निरीहपनको साक्षी बन्नु आफ्ना लागि कठिन कर्म भए पनि आजको सत्य त्यही भएको छोरी सूष्माको भनाइ छ । बुढ्यौलीले स्वास्थ्य अवस्था सारै नाजुक भए पनि आज पनि वरिष्ठ पत्रकार रिसालले सम्मानजनक रूपमा बूढेसकाल बिताइरहेका छन् । छुट्टिने बेला उनकी छोरी सूष्माले भनिन्, 'बालाई घरपरिवार, समाज र राज्यले माया गरेकै छ । परिवारका सबै सदस्यहरू मिलेर बाको सेवा गरिरहेका छौं ।' *रासस*

# पर्यटक लोभ्याउदै ढोरपाटनको 'बुकी'

**सन्तोष गौतम/म्याग्दी**

समथर फाँट र भिरालो पाखामा फुलेका रंगीबिरंगी फूल, चरन क्षेत्रमा रमाइरहेका घरपालुवा जनावरको बथान, पहाडका टाकुराबाट पृष्ठभूमिमा देखिने हिमाल, बादल, घाम र आकाशे पानीको लुकामारी । कोलाहलमुक्त वातावरण, शीतल हावापानी, चराचुरुंगी र जनावरहरूको आवाज ।

यी दृश्य हुन्- पूर्वी रुकुम, बागलुंग र म्याग्दी जिल्लाको एक हजार ३२५ वर्गकिलोमिटर क्षेत्रफलमा फैलिएको ढोरपाटन सिकार आरक्षको हो । नेपालको एकमात्र सिकार आरक्ष ढोरपाटनको फाँट र पाखा बुकी फुलेर रंगिएपछि रमणीय बनेको छ । लेकमा फुल्ने फूलहरूलाई समग्रमा बुकीका नामले चिन्ने गरिन्छ ।

ढोरपाटन पर्यटन प्रवर्द्धन विकास संस्थाका सचिव जीवनकुमार पुनले वन्यजन्तु र घरपालुवा जनावरको पोषिलो आहारा बुकीले पर्यटक लोभ्याउन थालेको बताए । 'असारदेखि भदौसम्म अन्य ठाउँमा पर्यटकको 'अफसिजन' भए पनि ढोरपाटनमा 'सिजन' हो,' उनले भने, 'केही वर्षअघिसम्म स्थानीय स्तरमा सीमित ढोरपाटनको बुकीको सौन्दर्य अहिले पर्यापर्यटनको माध्यम बनेको छ ।'



सडक, यातायात, होटल तथा घरबास सुविधा, सञ्चार माध्यम र सामाजिक सञ्जालका कारण बुकी फुलेको हेर्न, फोटो, भिडियो खिचेर सामाजिक सञ्जालमा राख्न र प्रकृतिसँग रमाउन दैनिकजसो पर्यटक आउने गरेका ढोरपाटन सामुदायिक होमस्टेका सञ्चालक रामबहादुर घर्तिमगरले बताए । शुक्रबार, शनिबार र छुट्टीको दिन देशका विभिन्न सहरबाट ढोरपाटन घुम्न पर्यटकहरू आउने गरेका छन् । ढोरपाटनका विभिन्न ठाउँमा पाँच दिन घुमेर फर्किएका काठमाडौंका नवीन खत्रीले सिकार पर्यटनका लागिमात्र नभएर प्रकृतिप्रेमीहरूका लागि पनि ढोरपाटन उपयुक्त गन्तव्य भएको बताए ।

'शान्त वातावरणमा रंगीबिरंगी फूल, छिनछिनमा परिवर्तन हुने मौसम, शीतल हावापानी, पशु गोठहरूमा रमाउन पाउँदा समय बितेको पत्तै नहुँदो रहेछ,' समुद्री सतहदेखि चार हजार १० मिटर उचाइमा रहेको गर्पाछेडा क्षेत्रमा भेटिएका खत्रीले भने, 'थरीथरीका फूलले रंगिएको ढोरपाटन बर्खायाममा झनै रमाइलो छ ।' ढोरपाटन सिकार आरक्षका संरक्षण अधिकृत मण्डिप पँगेनीका अनुसार साउनदेखि असोजको पहिलो हप्तासम्म बुकी फुल्ने गर्छ । 'बर्खा सिजनमा ढोरपाटनको आकर्षण नै बुकी हो,' उनले भने, 'यहाँ पाइने फूलहरूको जात पहिचान र अभिलेखीकरणको काम थालेका छौं ।'

संरक्षण अधिकृत पशुपति अधिकारीले आरक्ष क्षेत्रमा फाइने १३ प्रजातिका फरक-फरक फूलको तस्बिर र स्थानीय नाम संकलन गरेका छन् । दहीठेकी, राक्षस, बिसौरी, बोक्सी, राके, दूधे, ओठे, पुतली, नाकेफुली, फटचांग्री, प्याउली, मदाने र कापचुच्चे स्थानीय नाम गरेका फूलको तस्बिर संकलन भएको छ ।

संकलन भएका तस्बिरहरूलाई सम्बन्धित विज्ञहरूको सहयोगमा अंग्रेजी र वैज्ञानिक नाम पहिचान गर्ने तयारी गरेको संरक्षण अधिकृत पँगेनीले बताए । आरक्षले फूलहरूलाई संरक्षण गर्न चरन क्षेत्रबाट ट्र्याक्टरमा गाईवस्तुको मल उठाउन रोकेको छ । पोषिलो घाँस खुवाउन म्याग्दी, बागलुङ र पूर्वी रुकुमका किसानले ढोरपाटनको बुकीमा गाईभैंसी, भेडाबाख्रा र घोडा चराउन गोठ लगेर गएका छन् । बुकीको पोषिलो घाँस खाएका वस्तुभाउ निरोगी, मोटा हुने र दूध तथा मासुको उत्पादन बढी हुने किसान धनबहादुर कायतले बताए ।

ढोरपाटन सिकार आरक्ष सदाबहार पर्यटकीय गन्तव्यका रूपमा विकास हुन थालेको छ । ऋतुअनुसार यहाँ फरक-फरक आकर्षण छ । आरक्षका रेन्जर सागर सुवेदीका अनुसार २०८१ को साउन महिनाको १ देखि २८ गतेसम्म ५८१ जना नेपाली पर्यटकहरूले ढोरपाटन भ्रमण गरेका छन् । आर्थिक वर्ष २०८०/८१ मा १५ हजार ५७३ जनाले भ्रमण गरेको ढोरपाटनमा पर्यापर्यटन शीर्षकमा १९ लाख ३३ हजार ७०० रूपैयाँ राजस्व संकलन भएको छ ।

ढोरपाटन उपत्यकाको प्रवेशबिन्दु देउरालीमा आरक्ष र नेपाली सेनाको पोस्टमा पर्यटकहरूको विवरण राख्ने र शुल्क लिने गरिन्छ । ढोरपाटन घुम्न नेपालीले प्रतिव्यक्ति १०० रूपैयाँ, सार्क राष्ट्रकाले प्रतिव्यक्ति एक हजार ५०० रूपैयाँ र अन्य देशकाले तीन हजार रूपैयाँका दरले शुल्क तिर्नुपर्छ । ढोरपाटन सिकार आरक्षका प्रमुख वरिष्ठ संरक्षण अधिकृत वीरेन्द्रप्रसाद कँडेलका अनुसार गत आर्थिक वर्षमा चार करोड ७१ लाख दुई हजार ६२८ रूपैयाँ राजस्व संकलन भएको छ । अघिल्लो आर्थिक वर्ष २०७९/८० मा तीन करोड ४८ लाख रूपैयाँ राजस्व संकलन भएको थियो । सहज यात्रा गर्दै सिकार गर्न पाउने अवस्था भएर बढी बढाउनमा सिकारी छानिने अवसरले राजस्व बढेको वरिष्ठ संरक्षण अधिकृत कँडेलले बताए । *रासस*

# मिथिलामा गुन्जदै झुला गीत



■ गोपालप्रसाद बराल

**महोत्तरी–** मधेसको मिथिलाक्षेत्र अहिले भक्तिमा डुबेको छ । शिव आराधनाको साउन र साउन शुक्लपक्षका पछिल्ला १३ दिन मनाइने झुला उत्सवले मिथिला अहिले भक्तिमय बनेको हो । अहिले मिथिला क्षेत्रका मठमन्दिर झुलनोत्सवका गीतले गुञ्जित छन् ।

साउन शुक्ल तृतीयादेखि पूर्णिमासम्म चल्ने झुलाउत्सवमा सीता र राम एवं राधा र कृष्णका प्रतिमा झकिझकाउ झुला (डोली वा झोलुंगा, कोक्रो) मा राखेर झुलाइन्छ । झुला पर्वमा गाइने झुला, मलार र कजरी लयका गीत भक्तिरसले भरिएका हुन्छन् । कुनैमा राधाकृष्णको र कुनैमा रामसीताका प्रसंग हुन्छन् । सबै गीतमा झुलाकै वर्णन हुन्छ ।

*'झुला झुले जनकदुलारी,*
*झुले सुकुमारी ना.....!'*

यी पंक्तिमा सीताजी झुला झुलेको वर्णन छ । यसैगरी यस पर्वमा कैयन गीत र भजन गाइन्छन् ।

*'झुला झुले अवधविहारी लाल,*
*सँगमे सुकुमारी झुले ना...!'*

(श्रीराम झुला झुल्दै छन्, साथमा जानकी पनि झुल्दै छन् ।)

रामसीता, राधाकृष्णका प्रसंग जोडिएका हुँदा यो पर्व भगवान् विष्णु र देवी लक्ष्मीसँग सम्बन्धित रहेको मैथिली लोकसंस्कृतिका ज्ञाता बताउँछन् । राम कृष्ण दुवै विष्णुका र सीता, राधा लक्ष्मी स्वरूपा (अवतार) मानिने हिन्दू जनविश्वास छ । यसैले झुला पर्व विष्णुलक्ष्मी आराधना र सेवासँग सम्बन्धित रहेको मिथिला माहात्म्यका नेपाली अनुवादक जलेश्वर-५ पतैलीका बासिन्दा अवकासप्राप्त सहप्राध्यापक ध्रुव राय बताउँछन् । झुला पर्वमा गाइने गीतमा अवध (अयोध्या), जनकपुरधाम र वृन्दावनका प्रसंग पाइन्छन् । कृष्ण र वृन्दावन वर्णनका यी पंक्ति पर्वविशेषमा खुबै सुनिन्छन् ।

*'झुला लागल वृन्दावन ना...,*
*आयल सावन सयविसु सुहावन*
*झुला लागल वृन्दावन ना...!*
*झुला झुले कृष्णमुरारी,*
*झुला लागे कदमके डाली,*
*झुले कृष्णमुरारी ना.....!'*

(वृन्दावनमा झुला लागेको छ । अत्यन्त रमणीय (सुशोभित) साउन महिनामा वृन्दावनमा झुला लागेको हो । झुलामा कृष्णमुरारी झुल्दै छन् । कदम (कदम्ब, राम्रो फूलको वृक्ष) का हाँगामा झुला (पिङ) लागेको छ । जसमा कृष्णमुरारी झुल्दै छन् ) ।

राम सीताको होस् वा राधा कृष्णको होस्, झुला पर्वको वर्णनमा उपवन (वन, बगैँचा) का आँप, कदम्ब वा यस्तै सुवासयुक्त वृक्षका हाँगामा झुला (पिङ) झुण्ड्याइएको र त्यसमा आफ्ना प्रियतमा साथ राम, कृष्ण झुलेका गीतमा भाव समेटिएका छन् । साउनको बर्खाले जतातततै हरियाली हुनेबेला धान रोपाइँ सकेर बगैँचाका आँप, कदम्बलगायतका वृक्षका हाँगामा लच्कदै पिङ खेलिने मिथिला संस्कृतिसँग जोडिएको पक्ष रहेको प्रसिद्ध साहित्यकार डा. राजेन्द्रप्रसाद विमल बताउँछन् । झुला गीतमा साउनको वर्णन भने बाक्लै पाइन्छ ।

*'सावनमे उपवन खिले,*
*झुला झुले नन्दकिशोर !*
*आमक डाइरमे लागल*
*हिरोला झहरय नभ घनघोर !!*

(साउनमा वनभरि फूल खिल्छन्, उपवन हराभरा हुन्छ । यसैबेला श्रीकृष्ण झुला झुल्छन् । आँपको हाँगामा मच्चिँदा त्यहीबेला आकाशबाट जल वर्षा हुन्छ) आँपको हाँगा समातेर मच्चिँदा पातमा जम्मा भएका बर्सात्को पानी झरेको प्रसंग यहाँ कोटयाइएको छ ।)

साउनको पनि पछिल्लो शुक्लपक्ष मिथिलामा मुख्य बाली धान रोपेर सकिएपछिको समय हुन्छ । यतिखेर किसान मन्दमन्द पानी परिरहोस् भन्ने कामना गर्छन् । यसैबेला धानको रोपो हरियो फेरिएर लहलहाएको दृश्यले किसान आफ्नो मेहनतप्रति मख्ख पर्छन् । प्रकृतिले जतातततै सुन्दरता बिखेरेको यो बेला रमाउन नै मैथिल (मिथिलाका बासिन्दा) आफ्ना इष्टदेवदेवी राम, कृष्ण एवं सीता, राधासँग खेलेको अनुभूति सँगाल्न झुला पर्वमा रमाउने गरेका जलेश्वरकै बखरीटोलका बासिन्दा तथा मिथिला लोकसंस्कृतिका ज्ञाता ८५ वर्षीय महेश्वर राय बताउँछन् ।

मिथिलाको यो लोकसंस्कृतिसँग जोडिएको खास पर्व बनेको छ । घरघरमै यो पर्व मनाइन्न । आफ्ना बस्ती नजिकका मठमन्दिरमा सामूहिक रूपमा भगवानलाई झुला झुलाउँदै मैथिल यो अवधिभरि गीत, भजनकीर्तन र नृत्यमा रमाउँछन् । पर्वमा नेपाल र भारतका मठमन्दिरमा सराबरी ओहोरदोहोर देखिन्छ । नेपालका भारतीय सीमा क्षेत्रका मठमा भारतीय र भारतकै सीमाक्षेत्र नजिकका बस्तीस्थित मठमन्दिरमा नेपाली भरिभराउ हुन्छन् । सीमाक्षेत्रका दुवैतर्फका भाषा, संस्कृति र समान रहनसहनसँगै बिहाबारीको बाक्लो सम्बन्धले अन्य मुलुकमा छु भन्ने कसैको सोचमै देखिँदैन । अहिले पर्वका बेला मुलुककै मठहरूको नायक मानिने मटिहानीस्थित लक्ष्मीनारायण मठमा भारतका कयौं मठमन्दिरका देवीदेवताका प्रतिमा झुला झुलाउनै ल्याइएका छन् ।

झुला उत्सवका लागि छुट्टै घर निर्मित गरिएको हुन्छ, जसलाई झुलाघर भनिन्छ । अहिले प्रत्येक साँझ सीता र राम, लक्ष्मी र नारायण एवं राधा र कृष्णका प्रतिमा मन्दिरबाट झुलाघरमा ल्याई विशेष रूपले सजाइएका कोक्रामा राखेर श्रद्धालुले भक्तिगीत गाउँदै हल्लाउने (झुलाउने) गर्छन् । साउन शुक्लपक्षका पछिल्ला १३ दिन मनाइने यो उत्सवका लागि वरपरका कैयन मठमन्दिरका प्रतिमा अहिले मटिहानी ल्याइएका छन् । प्रत्येक साँझ आयोजन हुने यो उत्सवमा सर्वसाधारण सरिक हुँदै आएका छन् ।

'हाम्रा परम्पराका अधिकांश पर्व आफ्नै घरमा मीठो मसिनो खाएर मनाइने छन्, तर झुला मठमन्दिरमै जम्मा भएर मनाइन्छ, यो हाम्रो विशेष पर्व हो,' मटिहानीका नगरप्रमुख हरिप्रसाद मण्डल भन्छन्, 'हामीले पर्वका लागि बर्सेनि झुलाघर रंगरोगन, सरसजावट र अभ्यागत (पाहुना, अतिथि) बसोबासको प्रबन्ध गर्दै आएका छौं ।' पर्व अवधिभरि झुलाघरमा भगवान् र भगवतीलाई झुलाइएपछि दैनिक आरती र भोग लगाइएको विशेष प्रसाद सबैलाई बाँड्ने गरिएको छ ।

यो पर्वमा देवीदेवतालाई विशेष डोली आकारको सिंहासनमा राखेर झुलाउने मुख्य विधि हो । खासमा बालरूप कृष्ण र रामको सम्झनामा यो पर्व परम्परा चलेको मिथिला लोकसंस्कृति तथा परम्पराका जानकार बताउँछन् । माता कौशल्या र यशोदाले राम र कृष्णलाई बालख छँदा झोलुंगोमा राखेर हल्लाउनु भएको प्रतीकका रूपमा यो पर्व परम्परा चलेको मटिहानीस्थित याज्ञवल्क्य लक्ष्मीनारायण विद्यापीठ (संस्कृत क्याम्पस) का मैथिली भाषा साहित्य विषयका उपप्राध्यापक मनोज झा मुक्ति बताउँछन् । भगवान्का बालरूप आनन्ददायक मानिने हुँदा श्रद्धालुले यो चलन बसालेका झाको भनाइ छ ।

झुलामा प्रतिमा राखेर झुलाइने क्रममा गीत, कथा र लीलासन्दर्भका गाथा सुनाइन्छन् । प्रतिमा झुलाउने क्रममा भक्तिमा डुबेका श्रद्धालु कीर्तन गाउँदै नाच्छन् । पर्वभरि झुलाघरमा उत्सवमा सहभागी हुनेको भीड लाग्छ । यो पर्व मटिहानीका अतिरिक्त जनकपुरस्थित मठमन्दिरमा आयोजन हुँदै आएका छन् । झुला उत्सवमा मिथिलाको लोकलयमा झुला, मलार र कजरी गीत गाइने चलन छ ।

मिथिलामा झुला उत्सव जानकी मन्दिरका आदिसन्त सुरकिशोर दासले सुरु गराएको मानिन्छ । यो १७८७ सालतिर सुरु भएको मिथिला क्षेत्रका प्रसिद्ध साहित्यकार डा. राजेन्द्रप्रसाद विमल बताउँछन् । सन्त सुरकिशोर दास र वैदेही (जानकी, सीता) बीच सीधा सम्पर्क हुन्थ्यो भन्ने जनविश्वास छ । सन्त सुरकिशोरलाई वैदेहीले साउन शुक्लपक्षमा यो पर्व मनाउन भनेपछि जनकपुरमा झुला सुरु भएको बताइन्छ । यो चलन रामजन्मभूमि अयोध्या र कृष्णको बाललीला स्थान मानिने वृन्दावनबाट देखासिकीबाट भित्रिएको डा. विमलको भनाइ छ ।

मिथिलामा धानको रोपाइँ सकिनासाथ सर्वसाधारण झुला उत्सवमा रमाउने गर्छन् । यसैबेला मैथिल किशोरकिशोरी र युवायुवती बगैंचाबगैंचा डुल्दै आँप र कदम्ब (कदम) का हाँगामा मच्चिएर झुलाको आनन्द लिन्छन् । यसरी बगैंचामा वृक्षका हाँगामा मच्चिएर झुल्दै युवायुवती आआफ्ना प्रेमीप्रेमिकाको सम्झना गर्छन् ।

*छल मनोरथ आओत मास सावन यो,*
*हमर बालम किछु नई जानथी तेजी*
*गेला विदेश यो !*
*साओन हे सखी सर्व सोहाओन*
*फुलय बेलीचमेली यो,*
*ताही सौरभ भ्रम लुबधल करय*
*मधुर रस केली यो !!*

(मनमा थियो, साउन महिना आउने छ । तर छलछाम केही नजान्ने मेरा प्रेमी अहिले मलाई) छाडेर विदेश गएका छन् । साउनको बेला हे सखी बेलीचमेली फूल फुलेर सुशोभित देखिन्छ । यी फूलको सुगन्ध युक्त बास्नाले भमरा लोभिएर फूलको मिठासयुक्त रसमा लट्ठिँदै छन्) साउन शुक्लपक्षमा विदेसिएका प्रेमीको सम्झना गर्दै मैथिल युवतीले यसरी बिरह पोख्छन् । मिथिलाको १३ दिने झुला उत्सव साउन पूर्णिमाको मध्यरातमा भगवानलाई झुलाइने कोक्राको डोरी छिनाएर समापन गरिने चलन छ ।

मिथिला लोकसंस्कृतिको केन्द्र रहँदै आएको जनकपुरधाममा सीताजीको विवाहमा राजा जनकले दिएका दाइजोका सामानको थुप्रो लागेर पहाडजस्तै बनेको जनश्रुति छ । जसलाई अहिले मणिपर्वत भनिन्छ । साउन शुक्लपक्षको त्रितीयाका दिन यसै मणिपर्वतको पूजा गरेर झुला उत्सव सुरु गर्ने मैथिल परम्परा छ । भगवत् सेवा र सामीप्यता यस पर्वका खास आकर्षण रहेका मटिहानीस्थित लक्ष्मीनारायण मठका सन्त रवीन्द्र दास वैष्णव बताउँछन् । *रासस*

# साढे ३०० वर्ष पुरानो मन्दिरको जीर्णोद्धार



**वालिङ (स्याङ्जा)–** साढे ३०० वर्ष पुरानो इतिहास रहेको यहाँको एक मन्दिरको जीर्णोद्धार गरिएको छ । स्याङ्जाको बिरुवा गाउँपालिका-४ मड्किना गुफास्थित शिवजी मन्दिर तथा श्री १००८ चम्पा गिरी जन्म आश्रमको जीर्णोद्धार गरिएको हो । धार्मिक एवं ऐतिहासिक दृष्टिले महत्त्वको स्थलका रूपमा रहेको मड्किनास्थित आश्रम तथा मन्दिर २०७२ सालको भूकम्पले क्षति पुऱ्याएको थियो । धेरै वर्ष पुरानो भएको र ढुंगैढुंगाले बनाइएकाले विनास भएपछि त्यसको संरक्षणका लागि पुरातत्त्व विभागले जीर्णोद्धार गरिदिएको हो ।

सन्यास सन्यासीहरूको आश्रमस्थलका रूपमा पहिचान बनाएको यो ठाउँ आयुर्वेदसम्बन्धी औषधोपचार केन्द्रका हिसाबले ख्याति पाएको आश्रमका संरक्षक एवं पशुपतिनाथका महन्त वेदान्तचार्य स्वामी गोकुलानन्दले बताए । लेखपढ गर्ने सिकाइ केन्द्रका साथै धर्म संस्कार संस्कृतिको केन्द्रका रूपमा आश्रमको छुट्टै पहिचान रहिआएको थियो । तत्कालीन समयमा तीर्थव्रत गर्न जाने श्रद्धालु भक्तजन यही आश्रमको बाटो हुँदै जाने गरेको उनले बताए । गुठी संस्थानमा दर्ता भई सञ्चालनमा रहेको यो नारायणश्वर शिवजी मन्दिर तथा आश्रम पुरानो र जीर्ण हुँदै गएपछि जीर्णोद्धारको काम अगाडि बढेको हो ।

'धर्म संस्कार संस्कृति तथा ऐतिहासिक दृष्टिले यस ठाउँको छुट्टै पहिचान रहेको छ,' उनले भने, 'इतिहासको रक्षा र यस ठाउँको पहिचान नामेट हुन नदिन प्रयासरत छौं ।' ऐतिहासिक महत्त्वको यो ठाउँमा रहेका आश्रम तथा मन्दिर जीर्ण भई लथालिंग हुँदै गएपछि यसको संरक्षणका लागि चासो दिएर पुनर्निर्माण गरिएको आश्रम निर्माण समितिका सचिव कृष्ण गिरीले बताए । जीर्ण अवस्थामा रहेको आश्रम र शिवजी मन्दिरको पुनर्निर्माण तथा जीर्णोद्धार गरिएको छ । सोही ठाउँमा साधुसन्तको आवासगृह, व्यवस्थित गौशाला, हवनकुण्ड, यज्ञकुण्ड, शौचालयलगायत भौतिक संरचनाहरू निर्माण गरिएको उनले बताए ।

'समितिसँग निर्माण कार्य गर्न रकम नभएकाले सहयोगी संघसंस्थाबाट आर्थिक संकलन गरी निर्माण कार्य गर्दै आएका छौं,' उनले भने, 'यस ठाउँको प्रचारप्रसारसँगै आर्थिक संकलनका लागि यसअघि महायज्ञसमेत सञ्चालन गरेका थियौं ।' *रासस*


## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AL MATROUK AL KHALEJIYA FOR GENERAL TRADING CO.

पुर्व स्वीकृति मिति : २०८१/०४/१७ | पुन विज्ञापन स्वीकृति मिति २०८१/०४/३२ | LT. No. 308340 | चलानी नं.६०२२२९६७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cashier | 0 | 2 | 150 | ६५,७५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | CDP/Chef | 2 | 0 | 180 | ७८,९०५ | | | | | | | |
| 3 | Line Cook | 2 | 0 | 150 | ६५,७५५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ भदौ ८ गते (24th Aug. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Supreme Overseas Pvt. Ltd.**
श्रम इजाजत नं. ३०१/०५९/०६०
Koteshwor-32, Kathmandu, Nepal.
Phone: +977-1-4610716, 9813327241, 9741877355, 9841359033, 9851107202
Email: supremeovs@yahoo.com, supremeover301@gmail.com,
Web: www.supremeoverseas.com.np



## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : OBAID AL QUBAISI TRANSPORTING & GENERAL CONTRACTING EST.

पूर्व स्वीकृति मिति २०८१/०४/३२ | LT. No. 309029 | चलानी नं. ६०२२३६५७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Truck Driver | 19 | 0 | 2000 | ७३,३७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Light Vehicle Driver | 10 | 0 | 1700 | ६२,३६५ | | | | | | | |
| 3 | Safety Officer | 9 | 0 | 3000 | ११०,०५५ | | | | | | | |
| 4 | Store Keeper | 8 | 0 | 2000 | ७३,३७० | | | | | | | |
| 5 | Supervisor | 9 | 0 | 2500 | ९१,७१० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ भदौ ८ गते (24th Aug. 2024) मा हुनेछ ।

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: नि:शुल्क

**MINAWA RECRUITMENT H.R. PVT LTD**
Govt.Lic. No- 1168/073/074
Pingalasthan-09, Kathmandu (Nepal), T: 01-4591510, 01-4591511
E:-minawarecruitment@gmail.com I w:-www.minawarecruitment.com



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : MOHAMMAD ABDULLAH ALAREEDH Ltd.Co

पूर्व स्वीकृति मिति : २०८१/०४/३२ | LT. No. 309071 | चलानी नं. ६०२२३६९७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Equipment Driver | 5 | 0 | 1800 | ६४,६३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ भदौ ८ गते (24th Aug. 2024) मा हुनेछ ।

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: नि:शुल्क

**Nexus Human Resource Pvt. Ltd.** Govt. License 1463/074/075
Basundhara-3, Kathmandu, Nepal, Tel.- +977-1-4016787, Mbl N. 9841093498



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AYMAN SCISSORS BARBER SHOP

पुर्व स्वीकृति मिति २०८१/०४/३२ | LT. No. 309009 | चलानी नं. ६०२२३६८७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Barber | 1 | 0 | 1400 | ५०,२६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : AYMAN SCISSORS BARBER SHOP

पुर्व स्वीकृति मिति २०८१/०४/३२ | LT. No. 309005 | चलानी नं. ६०२२३६८६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Barber | 1 | 0 | 1400 | ५०,२६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ भदौ ८ गते (24th Aug. 2024) मा हुनेछ ।

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: १०,०००

**National Exports Manpower Consultant Pvt. Ltd.**
Sinamangal-9, Kathmandu, Nepal, Phone No.: +977-1-4478786, E-mail : nationalexportsmc@gmail.com



## कतारमा रोजगार

कम्पनी : AL REYADAH CLENING AND HOSPITALITY
शहर : Doha

पूर्व स्वीकृति मिति: २०८१/०४/३२ | LT. No.308934 | चलानी नं. ६०२२३६१०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Clean Worker | 0 | 5 | 1000 | ३६,८२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ भदौ ८ गते (24th Aug. 2024) मा हुनेछ ।

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: नि:शुल्क

**Sunlight Recruitment Service Pvt.Ltd.**
Shantinagar, Kathmandu, Nepal Tel.01-4620777
E-mail: info@sunlightrecruitment.com.np,
sunlightrecruitmentservice@gmail.com
Website : www.sunlightrecruitment.com.np



## साउदीमा रोजगार

कम्पनी : FIVEMOONS COMPANY LIMITED
शहर : Saudi Arabia

पूर्व स्वीकृति मिति : २०८१/०४/३२ | LT. No. 309025 | चलानी नं. ६०२२३६४३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Pest Control Labour | 6 | 0 | 1200 | ४२,६०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : CREATIVITY SPACE CATERING COMPANY | शहर : Saudi Arabia

पूर्व स्वीकृति मिति : २०८१/०४/३२ | LT. No. 309026 | चलानी नं. ६०२२३६४५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Chef | 5 | 0 | 1500 | ५३,८५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ भदौ ८ गते (24th Aug. 2024) मा हुनेछ ।

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: १०,०००

**TESLA OVERSEAS PVT.LTD.** Govt. License 1638/080/81
Sinamangal 9, Kathmandu, Nepal, Tel: 01-5920966, 5920965
Email: info.teslaoverseas@gmail.com, Web: www.teslaoverseas.com.np



## कर्मचारी हटाइएको सम्बन्धी सूचना

यस Sun Ray Global Overseas Pvt. Ltd. (ई.प.नं.९१८/०६७/६८)मा कार्यरत **राम गोपाल श्रेष्ठ** (श्रम प्रतिनिधि) को कामकाज सन्तोषजनक नपाइएको कारण यस कार्यालयबाट हटाइएको हुनाले निजसँग यस प्रा.लि. सँग सम्बन्धित आर्थिक तथा अन्य कुनै पनि कारोबार नगर्नु नगराउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । यदि निजसँग वैदेशिक रोजगारसँग सम्बन्धित कुनै आर्थिक लेना देना भएमा यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र यस प्रा.लि. मा सम्पर्क गर्न आउनुहोला अन्यथा कानून बमोजिम भै जाने व्यहोरा अनुरोध छ ।

SUN RAY GLOBAL OVERSEAS PVT. LTD.
918/067/68
Kathmandu-9, Sinamangal. Tel: +977-1-4560974, 4564202, Fax: +977-1-4464202
Email: sunray918@gmail.com, srgoverseas@gmail.com

प्रभाव दैनिक

शनिबार, ०१ भदौ २०८१ (Saturday, August 17, 2024)

रूपशाला

## सन्जुको 'आएन परदेशी' सार्वजनिक

तिज नजिकिँदै गर्दा बजारमा तिज गीत भित्रिने क्रम बढ्दो छ । यस्तैमा गायिका सज्जु न्यौपानेले नयाँ तिज गीत 'आएन परदेशी' सार्वजनिक गरेकी छन् । गीतकार सुमन वैरागी पण्डितको शब्द तथा संगीतमा तयार भएको 'आएन परदेशी' मा सङ्गीत संयोजन डोलराज बाह्रघरेले गरेका छन् । गीतमा सहयोगी स्वरमा बेलीमाया पुलामीले साथ दिएकी छन् । गीतको म्युजिक भिडियोलाई स्मृति तिमिल्सिना गुरूआमाले निर्देशन गरेकी छन् । दुर्गा पौडेलको छाया□न एवं नवीन घर्तीमगरको सम्पादन रहेको भिडियोमा सज्जु न्यौपाने, सजिना लामिछाने, सबिता पोखरेल, बेलीमाया पुलामी, मेनुका लामिछानेको अभिनय छ ।



# 'अब हाँस्छ युरोप' कार्यक्रम पोल्यान्डबाट सुरू हुने

■ प्रभाव संवाददाता




**काठमाडौं–** नयाँ पुस्ताका हास्य कलाकारहरू भरतमणि पौडेल, सुमन कार्की र कैलाश कार्कीले युरोपका विभिन्न देशमा रहेका नेपालीलाई हँसाउने भएका छन् ।

मामा इभेन्ट्स र गुरुङ केएनएस इन्टरटेन्मेन्ट्सको संयुक्त आयोजनामा 'अब हाँस्छ युरोप' कार्यक्रम मार्फत उनीहरूले युरोपमा हँसाउन लागेका हुन् ।

हास्य रियालिटी सो 'कमेडी च्याम्पियन'बाट चर्चित बनेका यी कलाकारले केही अगाडि अमेरिका टुर सकाएर फर्किएका थिए । आयोजकका अनुसार कलाकारको युरोपमा हँसाउने यात्रा अगस्ट ३१ तारिखदेखि पोल्यान्डको तेस्रो ठुलो सहर उचबाट प्रारम्भ हुनेछ ।

पोल्यान्डमा हुने कार्यक्रमको व्यवस्थापन एनआरएनए क्षेत्रीय समिति उचले गरिरहेको छ । कार्यक्रमको संयोजन गरिरहेका एनआरएनए आइसीसी सदस्यसमेत रहेका पोल्यान्डका नेपाली व्यवसायी भीमबहादुर खड्काका अनुसार कार्यक्रम उचस्थित होटल रुबिनमा हुनेछ ।

खड्काका अनुसार पोल्यान्डमा रहेका नेपाली कलाकारको समेत प्रस्तुति रहने यस कार्यक्रममा ५ सय बढीको उपस्थिति रहने अनुमान गरिएको छ ।

एक महिना बढी चल्ने युरोप यात्राका लागि पोल्यान्ड, बेल्जियम, फिनल्यान्ड, माल्टा, स्पेन, पोर्चुगल, नर्वे, डेनमार्क लगायतका १ दर्जनभन्दा बढी स्थानमा कार्यक्रमको आयोजना हुनेछ। युरोप कार्यक्रममा आफूले विभिन्न कन्टेट मार्फत दर्शक भरपुर हँसाउने कमेडियन भरतमणि पौडेलले बताए ।

# 'ह्रस्व दीर्घ'को प्रदर्शन मिति सर्‍यो

■ प्रभाव संवाददाता

**काठमाडौं–** फिल्म 'ह्रस्व दीर्घ' को प्रदर्शन मिति पोस्टपोन्ड भएको छ । संविधान दिवसको अवसर पारेर आगामी असोज ३ गतेबाट प्रदर्शन आउन लागेको फिल्मको प्राविधिक कार्य नसकिने भएपछि प्रदर्शन पोस्टपोन्ड गर्न लागेको अभिनेत्री नीता ढुंगानाले जानकारी दिइन् ।

फिल्मको मुम्बईमा पोस्ट प्रोडक्सनको काम भइरहेको छ । असोज ३ गते प्रदर्शन गर्ने गरी निर्माण टिमले विभिन्न चरणमा पोस्टरसहित एक गीत 'उठेर नाचिस्यो' सार्वजनिक गरेको थियो । रिलिज सर्ने भएपछि गीतबाट प्रदर्शन मिति समेत हटाइएको छ ।

फिल्म अब तिहारपछि रिलिज गर्ने योजनामा निर्माण टिम छ । द्वन्द्व निर्देशक चन्द्र पन्तको निर्देशन रहेको 'ह्रस्व दीर्घ' मा नेपाली र भारतीय कलाकारले भरिएका छन् ।

फिल्ममा नेपालबाट नीता ढुंगाना, हरिहर अधिकारी, सञ्चिता लुइटेल, विपना थापा, सरोज खनाल, किरण केसी, गरिमा शर्मा, बुद्धि तामाङ लगायतको अभिनय छ भने साउथबाट ब्रम्हानन्दम, अली, 'गजनी' भिलेन प्रदीप रावत, 'पुष्पा' भिलेन सुनील वर्मा र कबीर दुहन सिंहको मुख्य भूमिका छ । नीता फिल्म्सको प्रस्तुतिमा तयार भएको यो फिल्मको कार्यकारी निर्मातामा धनञ्जय गलानी छन् ।

हरिहर अधिकारीको कथा एवं प्रतिक पौडेल, निर्देशक पन्त र हरिहरको पटकथा तथा संवाद रहेको फिल्मलाई बलिउडका 'भेट्रान' छायाकार कबीरलालले खिचेका हुन् । उनले 'वेलकम ब्याक', 'परदेश', 'दिल आपके पास है', 'वेलकम ब्याक' जस्ता कयौन हिन्दी फिल्म खिचेका छन् । फिल्म नेपाली, तेलुगु र हिन्दी गरी तीन भाषामा रिलिज हुन लागेको हो । फिल्मको बजेट ६ करोडमाथि बताइएको छ ।

# '१२ गाउँ'को टिजरमा समीर भट्टको एक्सन अवतार

■ प्रभाव संवाददाता



**काठमाडौं–** अभिनेता विराज भट्टको निर्माण तथा निर्देशन रहेको फिल्म '१२ गाउँ' को टिजर सार्वजनिक भएको छ । दशैंको फूलपाति अर्थात् असोज २४ गतेबाट प्रदर्शनको तयारीमा रहेको फिल्मले शुक्रबार एक कार्यक्रम गर्दै टिजर रिलिज गरिएको हो । १ मिनेट २१ सेकेन्ड लामो टिजरमा डेव्यु अभिनेता समीर भट्टलाई एक्सन अवतारमा प्रस्तुत गरिएको छ ।

टिजरबाट फिल्म बदलाको कथामा बनेको बुझ्न सकिन्छ । गाउँको पृष्ठभूमिमा कथा भनिएको फिल्मको टिजरमा फिल्मका सबै कलाकारले प्रथमिकता पाएका छन् । फिल्मबाट समीर भट्टले अभिनेताको रूपमा डेब्यु गर्दैछन् । भारतमा बसेर मार्सल आर्ट र अभिनय सिकेका समीर अभिनेथा बिराज भट्टका छोरा हुन् । '१२ गाउँ' मा अहिलेसम्म नेपाली फिल्ममा नभएको एक्सन राखिएको निर्देशक भट्टले बताए ।

फिल्मबाट दुई पूर्वमिस नेपाल इन्टरनेशनल न्यान्सी खड्का र मोडल सनिशा भट्टराईले पनि अभिनेत्रीको रूपमा डेव्यु गरेका छन् । विराज, समीर, न्यान्सी र सनिशाका अलवा मुरलीधर, कनिज कोइराला, नरेन खड्का, दीया मास्के, कृष्ण भट्ट, सोनु चन्द्रपाल, कालु राना, अर्जुनजंग शाही, भिष्म जोशी, शुलेमान शंकर (इकु), तारा शर्मा, किशोर भट्ट, सन्तोष सरकार र स्टन्ट शिल्भाको अभिनय फिल्ममा रहेको छ ।

विराज भट्ट फिल्म पोडक्सन प्रस्तुतिमा निर्माण भएको फिल्ममा अर्जुन पोखरेल र निरजको संगीत, रामजी लामिछाने, सुनील क्षेत्री र कविराज गहतराजको कोरियोग्राफी तथा प्रवीन केएल र भुपेन्द्र अधिकारीको सम्पादन छ । विराज स्वयम्को कथा र सन्तोष सरकारको पटकथा तथा संवाद लेखन फिल्ममा छ । महेश पौडेल छायाङ्कन रहेको फिल्म काठमाडौं, ललितपुर, वीरगञ्ज र हेटौंडामा छायाङ्कन गरिएको छ । फिल्मको वितरण काफिया फिल्मस् र कुवेर सिने डिष्ट्रिव्युसनले गर्नेछ ।

# कान्ताराका लागि ऋषभलाई नेसनल अवार्ड



**काठमाडौं–** भारत सरकारले सन् २०२२ का लागि ७०औं राष्ट्रिय चलचित्र पुरस्कार घोषणा गरेको छ । ७०औं राष्ट्रिय चलचित्र अवार्डमा उत्कृष्ट अभिनेत्रीको अवार्ड दुई अभिनेत्रीलाई संयुक्त रूपमा प्रदान गरिएको छ ।

नित्या मेननलाई तमिल फिल्म तिरुचित्रम्बलमका लागि उत्कृष्ट अभिनेत्रीको अवार्ड दिइएको छ । यो फिल्म सन् २०२२ मा रिलिज भएको थियो । यस फिल्ममा उनीसँगै अभिनेता धनुष देखिएका थिए ।

मानसी पारेखलाई गुजराती फिल्म काक्ष एक्सप्रेसका लागि उत्कृष्ट अभिनेत्रीको अवार्ड पनि दिइएको छ । कन्नड अभिनेता ऋषभ शेट्टीलाई उनको फिल्म कान्ताराका लागि उत्कृष्ट अभिनेताको अवार्ड दिइएको छ । कार्तिकेय-२ फिल्मले वर्षको उत्कृष्ट तेलुगु फिल्मको अवार्ड पाएको छ ।

पोन्नियिन सेल्भान पार्ट-१ ले वर्षको उत्कृष्ट तमिल फिल्मको अवार्ड पाएको छ । केजीएफ च्याप्टर-२ ले वर्षको उत्कृष्ट कन्नड फिल्मको अवार्ड पाएको छ। मनोज बाजपेयी र शर्मिला टगरको फिल्म गुलमोहरले वर्षको उत्कृष्ट हिन्दी फिल्मको अवार्ड पाएको छ । चलचित्र ब्रह्मास्त्र भाग १ का गीतका लागि संगीतकार प्रीतमले उत्कृष्ट संगीत निर्देशक (गीतका लागि) अवार्ड पाएका छन् ।

एआर रहमानलाई तमिल फिल्म पोन्नियिन सेल्भान पार्ट-१ को पृष्ठभूमि संगीतका लागि उत्कृष्ट संगीत निर्देशकको अवार्ड दिइएको छ ।

फिल्म ब्रह्मास्त्र पार्ट १ मा गाएको केसरिया गीतका लागि अरिजित सिंहले सर्वोत्कृष्ट पुरुष गायकको अवार्ड पाएका छन् । निर्देशक सुरज बडजात्याले फिल्म उचाईका लागि उत्कृष्ट निर्देशकको अवार्ड पाएका छन् । मलयालम फिल्म अत्तमले उत्कृष्ट फिल्मको अवार्ड पाएको छ । *एजेन्सी*

रंगशाला

साफ यू-२०

# उद्घाटन खेल एन्फा कम्प्लेक्सको मैदानमा हुने




■ प्रभाव संवाददाता

**काठमाडौं–** दक्षिण एसियाली फुटबल महासंघ (साफ)यु-२० च्याम्पियनपसिप फुटबल प्रतियोगिताअन्तर्गत नेपाल र श्रीलंकाबीच हुने उद्घाटन खेल सातदोबाटोस्थित एन्फा कम्प्लेक्सको खेल मैदानमा हुने पक्का भएको छ।

दक्षिण एसियाली फुटबल महासंघ (साफ)ले पठाएको म्याच कमिस्नर अब्दुल हामिद अब्दुल गफरले शुक्रबार त्रिपुरेश्वरस्थित दशरथ रंगशालाका खेल मैदान निरीक्षण गरेपछि खेल खेल्न योग्य नभएको निष्कर्ष निकालेको हो । सोही निर्णयसँगै उक्त प्रतियोगिताका अन्य खेलहरू दशरथ रंगशालामा हुने सम्भावना कम भएको छ ।

अखिल नेपाल फुटबल सङ्घ (एन्फा)का प्रवक्ता सुरेश शाहले म्याच कमिस्नरले दशरथ रंगशालाको मैदान खेल्न योग्य नभएको बताएको जानकारी दिए । उनले यो निर्णय नै अन्तिम नहुने भन्दै म्याच कमिस्नरले साफमा खबर पठाएपछि उताबाट जे निर्णय आउँछ त्यही अन्तिम निर्णय हुने बताए । उक्त रंगशालाको निरीक्षण गर्न माल्दिभ्सका अब्दुल बिहीबार काठमाडौं आइपुगेका थिए ।

उक्त प्रतियोगिताको खेल सुरुआतमा दशरथ रंगशालामा खेलाउने आयोजक एन्फाको तयारी थियो । तर वर्षाका कारण दशरथ रङगशालाको अवस्था नाजुक भएपछि कहा खेलाउने टुंगो लाग्न सकेको थिएन ।

एन्फा प्रवक्ता सुरेश शाहले प्रतियोगिताको सुरुआती खेल एन्फा कम्लेक्सको मैदानमा हुने भन्दै आगामी दिनमा वर्षा सुधार भए दशरथ रंगशालामा सेमिफाइन र फाइनल खेल गराउने सम्भावना कायमै रहेको बताए ।

यही साउन २९ गते दशरथ रंगशालामा नेपालको सहिद स्मारक ए डिभिजन लिग विजेता चर्च ब्वाइज युनाइटेड र भुटानको लिग विजेता पारो एएफसीबीच एएफसी च्यालेन्ज लिगको प्रारम्भिक छनोट खेल भएको थियो। त्यतिबेला वर्षाका कारण मैदान हिलाम्मे भएको थियो । जसका कारण दुवै टोलीले हिलाम्मे मैदानमा खेल खेलेका थिए। यसअघि पनि एएफसीले उक्त मैदानलाई अन्तर्राष्ट्रिय प्रतियोगिता गर्न अयोग्य घोषणा गरेको थियो ।

साफ यु-२० च्यापिम्यनसिप आगामी भदौ २ गतेदेखि घरेलु मैदानमा हुँदैछ । भदौ १२ गतेसम्म सञ्चालन हुने उक्त प्रतियोगितामा विभिन्न ६ राष्ट्रको सहभागिता रहने छ । प्रतियोगिताका कतिपय टोली नेपाल आइसकेका छन् । समूह 'ए' मा आयोजक नेपालसँगै बंगलादेश र श्रीलंका तथा समूह 'बी' मा भारत, माल्दिभ्स र भुटान छन् । प्रतियोगिताको उद्घाटन खेलमा नेपाल र श्रीलंकाबीच प्रतिस्पर्धा हुँदैछ ।

# महिला भलिबल खेलाडीलाई जनही ३ लाख दिने निर्णय

■ प्रभाव संवाददाता




**काठमाडौं–** राष्ट्रिय महिला भलिबल टिमका सदस्यहरूलाई सरकारले जनही ३-३ लाख दिने भएको छ । सरकारले हालै सम्पन्न काभा महिला राष्ट्रिय भलिबल लिगमा उप विजेता बनेको नेपाली टिमका १४ सदस्यलाई जनही ३-३ लाख दिने निर्णय गरेको हो ।

त्यस्तै मुख्य प्रशिक्षकलाई २ लाख तथा व्यवस्थापक, सहायक प्रशिक्षक र फिजियोलाई जनही एक लाख २० हजार दिने निर्णय गरेको हो । साउन ३१ गते बसेको मन्त्रिपरिषद्को बैठकले भलिबल खेलाडीहरूलाई सो पुरस्कार रकम दिने निर्णय गरेको हो ।

# टुसाल विद्यालयस्तरीय पौडी भदौ ७ मा

■ प्रभाव संवाददाता

**काठमाडौं–** तेस्रो संस्करणको टुसाल विद्यालयस्तरीय पौडी प्रतियोगिताको आयोजना भाद्र ७ गते हुने भएको छ । टुसाल मल्टिभेन्यू प्रालिले शुक्रबार पत्रकार सम्मेलनको आयोजना गर्दै प्रतियोगिताबारे जानकारी दिएको हो । प्रतियोगिता तार्केश्वर-८ स्थित टुसाल मल्टिभेन्यूको स्विमिङ पुलमा हुने मल्टिभेन्यूका महाप्रबन्धक प्रवीण मान सिंह बस्नेतले बताए ।

प्रतियोगिता २५ मिटरको फ्री स्टाइल विधामा प्रतिस्पर्धा हुनेछ । प्रतियोगितामा जुनियर ब्वाइज, जुनियर गर्ल्स र सिनियर ब्वाइज र सिनियर गर्ल्स गरी ४ वटा विधामा प्रतिस्पर्धा गराइनेछ ।

विजयी खेलाडीहरूलाई ट्रफी, मेडल तथा अन्य पुरस्कारहरूले सम्मान गरिने आयोजकले जनाएको छ । प्रतियोगितामा फन्डै एक सय खेलाडीको सहभागिता रहने आयोजकले अपेक्षा राखेको छ । हालसम्म २० वटा विद्यालयले सहभागिताका लागि नाम दर्ता गरिसकेको र यस पटक सरकारी विद्यालयका विद्यार्थीले निःशुल्क सहभागिता मान सिंह बस्नेतले बताएको छ ।

प्रतियोगिताको प्राविधिक र निर्णायकको जिम्मेवारी विष्णु खड्का लगायत ११ जनाको टिमले जिम्मा लिनेछन् । प्रतियोगितामा मेडिकल सपोर्ट मनमोहन मेमोरियल मेडिकल कलेज तथा शिक्षण अस्पतालको रहने छ । अस्पतालले प्रतियोगिताको अवधिभर एम्बुलेन्स, एक जना चिकित्सक र दुई जना नर्स सहितको सेवा दिने सम्झौता भएको आयोजकले जनाएको छ ।

यस अघि गत वर्ष असार १५ गते मल्टिभेन्यूले दोस्रो संस्करणको आयोजना गरेको थियो । कार्यक्रममा टुसाल मल्टिभेन्यूका प्रबन्ध निर्देशक दीपेन्द्र थापा, सूर्य नेपालका तर्फबाट अर्जुन केसी वरिष्ठ खेल पत्रकार श्याम चित्रकार र विभिन्न मिडिया हाउसका सञ्चारकर्मीको सहभागिता रहेको थियो ।

# सहकर्मीको हत्यापछि भारतीय चिकित्सकहरू हडतालमा

**नयाँदिल्ली–** सहकर्मीको बलात्कार र हत्यापछि भारतीय चिकित्सकहरूले शुक्रबार देशव्यापी विरोध प्रदर्शन र हडताल बढाउने बताएका छन् । उक्त क्रुर हत्याले महिलाविरुद्ध हिंसाको पुरानो मुद्दामा आक्रोशलाई केन्द्रित गरेको छ ।

पूर्वी सहर कोलकाताको एक सरकारी अस्पतालमा अगस्ट ९ मा ३१ वर्षीया व्यक्तिको रगतले लतपतिएको र क्रुर शव प्राप्त भएपछि देशव्यापी विरोध प्रदर्शन सुरु भएको हो । नयाँदिल्लीमा सरकारद्वारा सञ्चालित अखिल भारतीय आयुर्विज्ञान संस्थान (एम्स) अस्पतालबाट शुभ्रांकर दत्ताले शुक्रबार भने, 'हामीले हाम्रा सहकर्मीलाई न्यायको माग गर्न विरोध प्रदर्शनलाई तीव्रता दिइरहेका छौं ।'

धेरै राज्यका सरकारी अस्पतालहरूमा उनीहरूले विरोधस्वरूप सोमबार वैकल्पिक सेवाहरू 'अनिश्चितकालका लागि' बन्द गरेका छन् । सरकारी तथा निजी दुवै प्रणालीमा धेरै चिकित्सा संगठनहरूले हडतालको समर्थन गरेका छन् । हत्याको निन्दा गर्नका लागि हजारौंले बुधबार रातभर कोलकाताको सडकहरूमा जुलुस निकाले र मध्यरातमा भारतको स्वतन्त्रता दिवसको सुरुआतका साथ मैनबत्तीको उज्यालोमा जुलुस निकाले ।

इन्डियन मेडिकल एसोसिएसनले निजी अस्पतालहरूमा सबै अनावश्यक र चिकित्सा प्रक्रियाहरू निलम्बन गर्दै शनिबार २४ घन्टाका लागि 'देशव्यापी सेवाहरू बन्द गर्न' आह्वान गरेको छ । शिक्षण अस्पतालको सेमिनार हलमा हत्या गरिएकी चिकित्सक फेला परेको र उनी लामो सिफ्टका क्रममा केही समयका लागि आराम गर्न त्यहाँ गएको भारतीय सञ्चारमाध्यमले बताएका छन् ।

भारतीय प्रसारक एनडिटिभीका अनुसार शव परीक्षणले यौन दुर्व्यवहार भएको पुष्टि गरेको छ । अदालतमा निवेदनमा पीडितका बुबाआमाले आफ्नी छोरीमाथि सामूहिक बलात्कार भएको आशंका गरेका छन् ।

### अत्याचार

प्रहरीले अस्पतालमा व्यस्त लाइनमा सहयोगीको काम गर्ने एक व्यक्तिलाई हिरासतमा लिएको छ । राज्य सरकारका अधिकारीहरूमाथि यो विषयलाई दुरूपयोग गरेको आरोप लगाइएको छ । भारतमा महिलाविरुद्ध यौन हिंसा व्यापक समस्या हो । एक अर्ब ४० करोड जनसंख्या भएको मुलुकमा सन् २०२२ मा प्रतिदिन औसत करिब ९० बलात्कारको घटना रिपोर्ट गरिएको छ । धेरैका लागि आक्रमणको वीभत्स प्रकृतिले सन् २०१२ मा दिल्ली बसमा एक युवतीमाथि भएको भयानक सामूहिक बलात्कार र हत्यासँग तुलना गरेको छ ।

ती महिला महिलाविरुद्ध यौन हिंसाको सामना गर्न सामाजिकरूपमा रूढिवादी मुलुकको असफलताको प्रतीक बनिन् । उनको मृत्युपछि दिल्ली र अन्य स्थानमा ठूलो मात्रामा कहिलेकाहीँ हिंसात्मक प्रदर्शनहरू भए । दबाबमा सरकारले बलात्कारीहरूका लागि कठोर सजाय र बारम्बार अपराध गर्नेहरूका लागि मृत्युदण्डको व्यवस्था गऱ्यो ।

धेरै नयाँ यौन अपराध पनि सुरु भए । यसमा पछ्याउने पनि सामेल छ । साथै, बलात्कारको उजुरी दर्ता गर्न अस्वीकार गर्ने अधिकारीहरूलाई अब जेल सजाय हुनसक्छ । प्रधानमन्त्री नरेन्द्र मोदीले बिहीबार महिलाविरुद्ध 'राक्षसी' कृत्य गर्नेहरूलाई तत्काल सजाय दिन माग गरे । 'हाम्रा आमा र दिदीबहिनीमाथि भएको अत्याचारप्रति आक्रोश छ,' उनले भने, 'महिलाविरुद्धका अपराधको शीघ्र छानबिन हुनुपर्छ, महिलाविरुद्धको राक्षसी व्यवहारलाई कडा र तत्काल सजाय दिनुपर्छ ।' चिकित्सकहरूले स्वास्थ्यकर्मीहरूलाई हिंसाबाट बचाउन केन्द्रीय संरक्षण ऐन, विधेयक लागू गर्न माग गरेका छन् । *रासस/एएफपी*




मध्य टोकियोको शिबुया क्रसिङमा वर्षाबाट जोगिन छाता ओढेर हिँड्दै गरेका पैदलयात्रीहरू । टाइफुन एम्पिल जापानको राजधानी नजिक पुगेको बताइएको छ ।
*तस्बिरः एएफपी*

# सिनावात्रा थाइल्याण्डको प्रधानमन्त्री निर्वाचित



**बैंकक–** थाइल्याण्डको संसद्ले ३७ वर्षीया छोरी पाएटोङ्टार्न सिनावात्रालाई शुक्रबार प्रधानमन्त्रीमा निर्वाचित गरेको छ । गठबन्धनमा रहेका अन्य १० दलमध्ये कसैले पनि विकल्प अघि नसारेपछि फेउ थाई पार्टीले बिहीबार पाएटोङ्टानलाई आफ्नो प्रतिस्थापन उम्मेदवारको रूपमा चयन गरेको थियो ।

फेउ थाइ पार्टीले थाइल्याण्डको राजनीतिमा प्रभावशाली परिवार मानिने सिनावात्रा वंशका तेस्रो सदस्य पेटोंटार्नलाई प्रधानमन्त्री बनाउने निर्णय गरी संसदीय प्रक्रियामार्फत अनुमोदनका लागि शुक्रबार नै संसद्मा प्रस्तुत गरेको थियो । पाएटोङ्टार्नका बुबा थाक्सिन सिनावात्रा र फुपु यङलिङ सिनावात्राले यस पहिले नै प्रधानमन्त्रीको रूपमा सेवा गरिसकेका छन् । थाइल्याण्डको संवैधानिक राजतन्त्रको इतिहासमा उनी सबैभन्दा कान्छो नेता हुन् ।

राज्यको संवैधानिक अदालतले निवर्तमान प्रधानमन्त्री श्रेता थाभिसिनलाई फौजदारी अभियोग लागेका व्यक्तिलाई मन्त्री नियुक्त गरेको भनी अदालतमा दायर मुद्दामाथि सुनुवाइपछि दोषी ठहर गर्दै पदमुक्त गरिएको थियो ।

पेटोंटार्न थाइल्याण्डको दोस्रो महिला प्रधानमन्त्री बनेकी छन् । सेना, राजावादी दलहरू र टेलिकम टाइकून तथा कुनै समय म्यानचेस्टर सिटीका मालिकसमेत बनेका पूर्वप्रधानमन्त्री थाक्सिनसँग जोडिएका पपुलिस्ट पार्टीहरूबीच लामो समयदेखिको तनावपछि निवर्तमान प्रधानमन्त्री स्रेथाको बहिर्गमन भएको थियो ।

संसद्को तेस्रो ठूलो दल भुमजैथाईलेशुक्रबारकोमतदानमा फेउ थाईका उम्मेदवारलाई समर्थन गर्न सहमत भएको जनाएको छ । सन् २०२२ को अन्त्यमा राजनीतिमा प्रवेश गर्नुअघि पेटोङटार्नले होटेल क्षेत्रको व्यावसाय हेर्दै आएकी थिइन् र गत वर्षको आमचुनावको दौडान उनी चुनावी अभियानमा लगभग निरन्तर उपस्थित रहेकी थिइन् । *रासस/एएफपी*

# जापानको प्रशान्त महासागरीय तटमा 'निकै शक्तिशाली' आँधी



टोकियो- जापानको प्रशान्त महासागरीय तटमा 'निकै शक्तिशाली' आँधी आएको छ । शुक्रबार आएको भीषण हावाहुरी र भारी वर्षाका कारण टोकियो क्षेत्रमा सयौं उडान र रेल सेवा रद्द हुनुका साथै चार हजारभन्दा बढी घर विद्युत्‌विहीन भएका छन् ।

जापानको राजधानी टोकियोबाट करिब ३०० किलोमिटर दक्षिणमा रहेको अम्पिल आँधीले उत्तरतर्फ २१६ किलोमिटर प्रतिघण्टाको गति लिएको जापानी मौसम विज्ञान निकाय (जेएमए) ले जनाएको छ । आँधी उत्तरबाट पूर्वतर्फ होन्शु तटसम्म पुग्ने र करिब चार करोड मानिसको बसोबास रहेको टोकियो क्षेत्रलाई घुमेर शनिबारदेखि प्रशान्त महासागरमा फर्किने अनुमान गरिएको छ ।

जेएमएले आँधीको समयलाई 'धेरै कडा' मौसमको रूपमा मूल्यांकन गरेको छ । यसलाई 'भयानक आँधी' को उच्चतम श्रेणीभन्दा एक डिग्री तल अर्थात् अधिकतम हावाको गति १९५ किलोमिटर प्रति घण्टाको दर रहेको उल्लेख गरेको छ । जेएनएले सामाजिक सञ्जालमार्फत 'आँधीबेहरी, उच्च छाल, पहिरो र बाढीका लागि उच्च सतर्कता अपनाउन' चेतावनी दिएको छ ।

अमेरिकी सेनाको ज्वाइन्ट टाइफून वार्निङ सेन्टरले राजधानीको पूर्वमा रहेको तटीय चिबा क्षेत्रमा अपराह्न ३ बजेसम्म अत्यधिक हावाहुरी चल्ने अनुमान गरेको थियो । आँधीका कारण टोकियोको छिमेकी प्रान्त चिबाका चार हजारभन्दा बढी घरधुरीमा शुक्रबार बिहानसम्म विद्युत् आपूर्ति बन्द भएको युटिलिटी अपरेटरले जनाएको छ ।

निप्पोन एयरले शुक्रबार सबै ३३५ वटा आन्तरिक र अन्तर्राष्ट्रिय उडानहरू रद्द गरेको छ र यसका कारण ७२ हजार यात्रुहरू प्रभावित भएका छन् । जापान एयरलाइन्सले हालसम्म ३६१ उडान रद्द गरेको र यसका कारण ५७ हजार ग्राहक मारमा परेका जनाएको छ । टोकियो र नागोयाबीचको व्यस्त क्षेत्रसहित जापानको बुलेट ट्रेन सेवाको सञ्जालका प्रमुख भागहरू पनि शुक्रबार बन्द हुने छन् भने टोकियो डिज्निल्यान्डका सञ्चालकले पार्क दिउँसो ३ बजेदेखि बन्द हुने बताएका छन् । *रासस/एएफपी*

# भारतीय अन्तरिक्ष एजेन्सीद्वारा पृथ्वी अवलोकन उपग्रहको सफलतापूर्वक प्रक्षेपण



नयाँदिल्ली- भारतीय अन्तरिक्ष अनुसन्धान संगठन (इसरो)ले शुक्रबार पृथ्वी अवलोकन उपग्रह इओएस-०८ बोकेको तेस्रो र अन्तिम विकास उडान अर्थात् सानो स्याटेलाइट लञ्च भेहिकल (एसएसएलभी)-डी ३ को सफलतापूर्वक प्रक्षेपण गरेको अधिकारीहरूले बताएका छन् ।

एसएसएलभी-डी ३ ले दक्षिणी भारतीय राज्य आन्ध्र प्रदेशस्थित बंगालको खाडी तटमा रहेको श्रीहरिकोटाको लञ्च प्याडबाट स्थानीय समयानुसार बिहान ९:१७ मा उडान भरेको थियो । 'एसएसएलभीको तेस्रो विकासात्मक उडान सफल रह्यो । एसएसएलभी-डी ३ ले इओएस-०८ लाई ठीक सटिकरूपमा कक्षमा स्थापित गऱ्यो,' इसरोले सामाजिक सञ्जालमा पोस्ट गरेको विज्ञप्तिमा भनिएको छ, 'यो इसरो/डिओएसको एसएसएलभी विकास परियोजनाको सफल समापनका प्रतीक हो, प्रविधि हस्तान्तरणसँगै भारतीय उद्योग र न्यु स्पेस इन्डिया लिमिटेडले अब व्यावसायिक मिसनका लागि एसएसएलभीको उत्पादन गर्ने छन् ।' *रासस/सिन्ह्वा*

# युक्रेनद्वारा रूसी सहर सुड्झासहित दर्जनौं वस्ती कब्जा

**किएभ–** युक्रेनले रूसको पश्चिमी कुर्स्कमा आफ्नो सैन्य प्रशासनिक कार्यालय स्थापना गरेको दाबी गरेको छ । युक्रेनका शीर्ष कमाण्डर ओलेक्सान्डर सिर्स्कीले यस सैन्य सिविरबाट रूसमाथि आक्रमण जारी रहेको बताएका छन् ।

सिर्स्कीकाअनुसार पश्चिमी कुर्स्क क्षेत्रमा खोलिएको यो कार्यालयले कानुन र व्यवस्था कायम राख्ने छ र जनताको तात्कालिक आवश्यकताहरू पूरा गर्ने छ । सामाजिक सञ्जालमा पोस्ट गरिएको एक भिडियोमा जनरल सिर्स्कीले युक्रेनको नियन्त्रणमा रहेको क्षेत्रमा कार्यालय निर्माण गरिएको उल्लेख गरेका छन् ।

यसैबीच, रूसी रक्षामन्त्री आन्द्रेई बेलोसोभले युक्रेनको कदमप्रति प्रतिक्रिया व्यक्त गर्दै कुर्स्क क्षेत्रका जनताको सुरक्षाका लागि आवश्यक कदम चाल्ने बताएका छन् । युक्रेनले पनि बिहीबार रूसी क्षेत्रमा लाभ हासिल गरेको दाबी गरेको थियो । जनरल सिर्स्कीका अनुसार युक्रेनी सेना कुर्स्क क्षेत्रमा ३५ किलोमिटरसम्म प्रवेश गरेको छ । उनीहरूले ८२ बस्तीसहित एक हजार १५० वर्ग किलोमिटर क्षेत्र ओगटेका छन् । युक्रेनको रुसमाथि भएको यो अहिलेसम्मकै सबैभन्दा घातक आक्रमण हो । तर युक्रेनले भने रूसी भूमि कब्जा गर्न इच्छुक नरहेको बताएको छ । युक्रेनी विदेश मन्त्रालयका प्रवक्ता हयोरही टाइकीले बुधबार एक वक्तव्य जारी गर्दै रूसलाई शान्ति स्थापनाका लागि दबाब दिने प्रयासअन्तर्गत उक्त आक्रमण भएको बताएका थिए । *रासस/एएफपी*

# मंकीपक्सको प्रकोपसँग लड्न निगरानी बढाउन डब्ल्युएचओको आह्वान

**जेनेभा (स्विट्जरल्यान्ड)–** पछिल्लो समय विश्वव्यापीरूपमा मंकीपक्सको सङ्क्रमणका घटना पुष्टि भइरहेका छन् । विश्व स्वास्थ्य संगठन (डब्ल्युएचओ) का महानिर्देशक टेड्रोस एड्होनाम गेब्रेयससले प्रभावित देशहरूलाई मंकीपक्स प्रकोपको सामना गर्न मिलेर काम गर्न आग्रह गर्दै प्रकोपलाई शीघ्र सम्बोधन गर्न आह्वान गरेका छन्

उनले सामाजिक सञ्जाल एक्समार्फत मंकीपक्स भाइरसको संक्रमणसँग लड्नका लागि विश्वव्यापी निगरानी, डेटा साझेदारी र सहकार्य बढाउनुपर्ने कुरामा जोड दिए । अलजजिराले पछिल्लो समय स्विडेनमा पुष्टि भएको मंकीपक्सको पहिलो केसबाट यो नजिकको सम्पर्कबाट फैलिने अधिक खतरनाक संस्करण भएको बताएको छ । योसँगै स्विडेन सरकारले बिहीबार अफ्रिकाबाहिर यो भेरिएन्टको पहिलो केस पहिचान भएको जनाएको छ ।



स्वास्थ्य तथा सामाजिक मामिलामन्त्री ज्याकब फोर्समेडले बिहीबार पत्रकार सम्मेलनमा भने, 'स्विडेनमा हामीसँग अधिक गम्भीर प्रकारको क्लेड १ नामको एमपक्स (मंकीपक्स) पुष्टि भएको छ ।'

डब्ल्युएचओले प्रजातान्त्रिक गणतन्त्र कंगोबाट सुरु भएर अन्य देशमा फैलिएपछि एमपक्सलाई दुई वर्षमा दोस्रोपटक विश्वव्यापी सार्वजनिक स्वास्थ्य आपत्‌काल घोषणा गरेको छ । हाल साउदी अरेबियाबाट फर्केका एक व्यक्तिमा भाइरसको पुष्टि भएपछि पाकिस्तानमा पनि पहिलो मंकीपक्सको घटना पुष्टि गरेको एआरवाई न्युजले स्वास्थ्य मन्त्रालयलाई उद्धृत गर्दै जनाएको छ । एआरवाई न्युजका अनुसार पेशावरको खैबर मेडिकल विश्वविद्यालयले संक्रमणको पुष्टि गरेको हो । *रासस/एएनआई*


## वर्गीकृत विज्ञापन सङ्कलन काउन्टर

**पशुपति विज्ञापन सेवा- सोह्खुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८/९८४२६३५८१५ । लोटस कम्युनिकेशन- गोंगबुचोक, फोन नं. ४३६४७१। ध्रुवको पसल- डिल्लीबजार, फोन नं. ४४३९२०१। Reachmond Books Shop (रोहित दाहाल)- फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217। दन्तकाली स्टेसनरी- नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेसनरी पसल- फोन नं. ९८५११२९६८६ । ज्ञाञ्जयोति पुस्तक पसल बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार- सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेसनरी- लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि.- पूरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेसनरी- बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मल: स्टेसनरी- गठ्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी- विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर- कलंकी चोक फोन: ०१-४२७६५३०, फ्याक्स:०१-४२७१३२२ । दाजुभाइ स्टेसनरी- पिंगलास्थान, गौशाला, फोन: ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेसनरी च्यासल गेट-९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफ्याक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेसनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४ ।**

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
| --- | --- | --- |
| प्रति तोला - | प्रति तोला - | प्रति तोला - |
| १४९६०० | - | १७६० |



**भेडाको ऊनजस्तो....** | ढोरपाटन शिकार आरक्षको पाखाथरका महिलाहरू भेडाको ऊनबाट धागो बनाउँदै । भेडाको ऊनबाट काम्लो, हरडुब्लोलगायत सामग्री बनाउने गर्दछन् । *तस्बिर: सन्तोष गौतम/रासस*

# समयमै रासायनिक मल उपलब्ध गराउन निर्देशन

■ प्रभाव संवाददाता



**काठमाडौं–** प्रधानमन्त्री केपी शर्मा ओलीले किसानलाई समयमा रासायनिक मल उपलब्ध गराउने र व्यावसायिक उत्पादनमा लगाउने विषयमा चासो दिएका छन् ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारमा शुक्रबार कृषि क्षेत्रका विद्यमान अवस्था, चुनौती र सुधारका विषयबारे कृषि तथा पशुपन्क्षीमन्त्री रामनाथ अधिकारी र उच्चाधिकारीसहितको छलफलमा प्रधानमन्त्री ओलीले आगामी मङ्सिरमा कति मल चाहिने हो त्यसको आँकलन गरेर अहिलेदेखि नै खरिद प्रक्रिया थाल्न निर्देशन गरे । उक्त मन्त्रालयको कूल बजेटको ५६ प्रतिशत बजेट रासायनिक मल अनुदानमा रहेको छ । किसानले किन्ने रासायनिक मलमा ६७ प्रतिशतसम्म अनुदान दिँदै मन्त्रालयले खरिद प्रक्रियालाई सरलीकरण बनाउन प्रधानमन्त्री ओलीसँग आग्रह गरेको थियो ।

प्रधानमन्त्री ओलीले किसानलाई नाफा हुने खालका खेती मात्रै गर्ने वातावरण सृजनाका लागि उपयुक्त जग्गामा सामूहिक खेती प्रणालीमा जान सुझाव दिँदै स्वदेशमा उत्पादन नहुने खाद्य पदार्थ समयमै किनेर ल्याउन आग्रह गरे । प्रधानमन्त्री ओलीले माछापालन, दूध उत्पादन, सुन्तला, काजु, ल्याङ र मसलालगायत उपयुक्त खेतीका लागि कहाँ कहाँ के के गर्न सकिन्छ भन्ने स्पष्ट योजना ल्याउन निर्देशन दिए ।

'म कृषि विज्ञ होइन । किसानको छोरा हुँ । सानो हुँदा खेती गरिन्थ्यो, ठूलो भएपछि भ्याइएन तर मेरो रगतमा किसानको जिन छ । म बोट बिरुवालाई माया गर्छु । मलाई बोट बिरुवाले माया गर्छन् ।', प्रधानमन्त्री ओलीले भने, 'हामीले बोट बिरुवालाई माया गरेका उनीहरू खुसी भएर धेरै फल दिन्छन् ।'

उनले पशुपन्क्षी नेपालभित्र ल्याउँदा र विदेश पठाउँदा स्वास्थ्य जाँच अनिवार्य गराउन, आगामी तीन वर्षभित्र खोरेत रोग उन्मूलन गर्न, कालोबजारी रोक्न, अनुदानको निरन्तरताभन्दा पनि लाभग्राहीले तिर्ने परिपाटीमा जान पनि सुझाव दिए ।

# कर वृद्धिको विरोधमा व्यवसायीले गरे व्यवसाय बन्द

■ प्रभाव संवाददाता

**बागमती–** कर वृद्धिको विरोधमा व्यवसायीले आफ्नो व्यवसाय बन्द गरी हेटौंडा उपमहानगरपालिका कार्यालय अगाडि धर्ना बसेका छन् । मकवानपुर उद्योग वाणिज्य संघको आह्वानमा व्यवसायीले आ-आफ्ना व्यवसाय बन्द गरेर उपमहागरपालिका कार्यालय अगाडि धर्ना बसेका हुन् । सो क्रममा व्यवसायीले सटरको साँचोसमेत उपमहानगरपालिकाका प्रमुख मिनाकुमारी लामा र उपप्रमुख राजेश बानियाँलाई बुझाएका छन् ।

हेटौंडा उपमहानगरपालिकाको नगरसभाले अर्थसम्बन्धी व्यवस्थालाई कार्यान्वयन गर्न बनेको आर्थिक ऐन २०८१ पारित गर्दै करको दरमा वृद्धि गरेको विरोधमा व्यवसायी आन्दोलित भएका छन् ।

विश्वव्यापी आर्थिक मन्दीका कारण व्यापार व्यवसाय संकटमा परेका बेला हेटौंडा उपमहानगरपालिकाले चालु आर्थिक वर्ष २०८१/८२ मा घरवहाल करदेखि व्यवसाय करमा २० देखि १५० प्रतिशतसम्म राजस्व वृद्धि गरेकोले आन्दोलनमा मकवानपुर उद्योग वाणिज्य संघका अध्यक्ष कृष्णगुप्ता अग्रवालले बताए । राजस्व वृद्धिको निर्णय नसच्याएसम्म आफूहरू आन्दोलन जारी राख्ने उनको भनाइ छ । यता हेटौंडा उपमहानगरपालिकाले करको दरमा गरिएको हेरफेरको निर्णयबाट पछि हट्न नसक्ने जनाएको छ ।

उपमहानगरपालिकाका प्रवक्ता सविन न्यौपानेले उपमहानगरपालिकाको १५औं नगरसभाले अर्थ सम्बन्धी व्यवस्थालाई कार्यान्वयन गर्न बनेको आर्थिक ऐन २०८१ पारित गरी जारी भइसकेको अवस्थामा व्यवसायीले उठाएको माग सम्बोधन गर्न नसकिने बताए । 'स्थानीय सरकारले आर्थिक ऐन जारी गरेपछि करको दरमा तत्काल हेरफेर गर्न सकिँदैन', उनले भने, 'अब आगामी आर्थिक वर्षमा के गर्न सकिन्छ भन्ने बिषयमा छलफल गरी टुंगो लगाउन सकिन्छ ।' यसका लागि पहल भइरहेको उनको कथन छ ।

## चार लघु जलविद्युत् आयोजना मर्मत

**खाँदबारी (प्रस)–** संखुवासभाको भोटखोला गाउँपालिकाभित्र सञ्चालनमा रहेका लघु जलविद्युत् केन्द्र धमाधम मर्मत हुन थालेका छन् । अविरल वर्षासँगै आएको बाढी र अन्य कारणबाट क्षति पुगेका जलविद्युत् केन्द्रको मर्मतका लागि ऊर्जामन्त्री दीपक खड्काको निर्देशनमा वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रको टोली भोटखोला पुगेर लघु जलविद्युत् केन्द्र मर्मत थालेको हो । भोटखोलामा हाल १५ लघु जलविद्युत् केन्द्र सञ्चालनमा रहेका छन् । गाउँपालिकाका स्थानीय समाजसेवी डुक्पा थिकेपा भोटेले भोटखोलामा बिग्रेका ११ लघु जलविद्युत् केन्द्रमध्ये हालसम्म छ वटाको परीक्षण गर्दा चार वटा मर्मतमा आइसकेको र बाँकीलाई पनि मर्मत गर्ने काम भइरहेको जानकारी दिए ।

# सिमीकोटमा एनटी फाइबर सेवा सुरु



■ प्रभाव संवाददाता

**काठमाडौं –** हुम्लाको सिमीकोटबाट शुक्रबारदेखि उच्च गतिको इन्टरनेट सेवा (फाइबर टू द होम-एफटिटिएच) प्रविधिबाट टेलिफोन तथा इन्टर नेटसहितको 'एनटी फाइबर' सेवा प्रारम्भ भएको छ ।

सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वीसुब्बा गुरुङले मन्त्रालयमा आयोजित कार्यक्रममा भर्चुअल माध्यमबाट सो सेवा शुभारम्भ गरेका थिए । योसँगै नेपालका ७७ वटा जिल्लामा एफटिटिएचमार्फत इन्टरनेट सेवाको पहुँच पुगेको छ । भौगोलिक तथा पूर्वाधार विकासका हिसाबले दुर्गम मानिएको कर्णाली प्रदेशका १० दुर्गम जिल्लामध्ये हुम्लामा मात्रै एफटिटिएच सेवा सञ्चालन हुन बाँकी थियो ।

त्यस अवसरमा मन्त्री गुरुङले एफटिटिएचमार्फत इन्टरनेटको प्रारम्भसँगै देशलाई डिजिटलाइज बनाउने सरकारको उद्देश्यमा सघाउ पुगेको बताए । उनले आफू मन्त्री भएपछि सय दिनभित्र सम्पन्न गर्नुपर्ने कार्यसूचीअन्तर्गत हुम्लामा द्रुतगतिको इन्टरनेट सेवा प्रवाह गर्ने कार्य पूरा भएको जानकारी गराए । 'मन्त्रालयको कार्यसूचीअनुसार हुम्लामा एफटिटिएच पुर्याउने लक्ष्य पूरा भएको छ । जनस्तरबाट बोल्दाबोल्दै फोन नसुनिने गुनासो आएपछि टावर राखेर सञ्चार अवरोध हटाउन मन्त्रालयले कार्ययोजना अघि सार्न थालेको हो । अब नेपालका ७७ जिल्लामा एफटिटिएचको पहुँच पुगेको छ', मन्त्री गुरुङले भने ।

मन्त्रालयका सचिव राधिका अर्यालले नेपालको सबैभन्दा दुर्गम जिल्लामा द्रुतगतिको इन्टरनेट सेवा प्रवाह हुनुले डिजिटल विकासको राम्रो संकेत गरेको बताए । उनले यसको पहुँचलाई चुस्त र सहज बनाउन नेपाल दूरसञ्चार कम्पनी लिमिटेड (नेपाल टेलिकम) लाई सुझावसमेत दिएका थिए । कार्यक्रममा नेपाल टेलिकमका प्रबन्ध निर्देशक संगीता पहाडी अर्यालले थुप्रै चुनौतीको सामना गर्दै हुम्ला जस्तो भौगोलिक रूपले दुर्गम क्षेत्रमा टेलिकमले द्रुतगतिको इन्टरनेट सेवा प्रवाह गर्न सक्नु सरकारको महत्वपूर्ण उपलब्धि रहेको बताए ।

# पर्यटक घटेसँगै डुंगा व्यवसायी मारमा

**लेखनाथ (कास्की)–** पर्यटकीय फेवातालमा डुंगा सञ्चालन गर्न पोखरा-२२ पुम्दीभुम्दीका ५५ वर्षीय वुद्धिबहादुर परियार दिनहुँ एक सय रूपैयाँ बसभाडा खर्चेर घरबाट फेवाताल आवतजावत गर्छन् । उनको आफ्नै डुंगा छैन, अरुकै डुंगा चलाउँछन् ।

फेवातालमा पर्यटकको संख्या घटेकै कारण तीन महिनायता उनको दैनिक आम्दानी एक सय पचास रूपैयाँ मात्र छ । वर्खामा कुनै दिन खाली हात घर फर्कनुपर्ने अवस्था छ । जेठ महिनादेखि फेवातालमा दैनिक मुस्किलले २० देखि ३० वटा डुंगा बाराही घाटबाट तालबाराही मन्दिर पुग्छन् भने दुई-तीन वटा ताल घुम्न जाने व्यक्तिले लैजाने गर्छन् ।

'कुनै दिन घर पुग्ने बस भाडा साथीहरूसँग मागेर जानुपर्ने अवस्था छ', परियारले भने, 'फेवातालमा डुंगा चलाएको बीसौं वर्षभयो । यस्तो अवस्था कुनै वर्ष पनि भएको थिएन ।' तीन महिनादेखि खाजा खाने पैसा बचत नभएको उनको भनाइ छ । फेवातालका विभिन्न आठ घाटमा सात सय ६७ डुंगा सञ्चालनमा रहेकामध्ये सबैभन्दा धेरै बाराही घाटमा ३ सय ५६ डुंगा सञ्चालित छन् । अरुको डुंगा चलाएबापत चालकले एक सय ५० देखि एक सय ७० रूपैयाँ मात्र पाउने गर्छन् । ताल वाराही मन्दिरसम्म डुंगा पुर्‍याएर ल्याएको एक सय ५० रूपैयाँ मात्र चालकहरूले पाउने गर्छन् ।




दाङ जिल्लाबाट आएर पोखराको फेवातालमा डुंगा चलाउँदै गरेका कालीचरण चौधरीको पीडा पनि परियारकै जस्तै छ । पाँच वर्षदेखि पोखराको लेकसाइटमा कोठा भाडामा लिएर श्रीमती र दुई छोराछोरी पाल्दै आएका चौधरीलाई दैनिक खर्च चलाउन मुस्किल परेको छ ।

'कोठाभाडासहित मासिक खर्च २५ हजार रूपैयाँ छ तर आन्दानी तीन हजार छ, पर्यटकको सिजनमा कमाएको पैसा र श्रीमतीले बिहानमा कमाएको पैसालै तीन महिनायता खर्च धानिएको छ, अब एक महिनापछि लाग्ने पर्यटन सिजनमा आन्दानी हुन्छ की भन्ने आशा छ', चौधरीले भने, 'छोराछोरीलाई पढाउन पनि मुस्किल भयो ।' फेवा डुंगा व्यवसायी संगठन बैदामका कार्यालय सचिव नरबहादुर श्रेष्ठले तीन महिना यता फेवातालमा आउने पर्यटकको संख्या ८० प्रतिशतले घटेकै कारण डुंगा व्यवसायमा यस्तो समस्या आएको जानकारी दिए । 'यी २० प्रतिशत पनि आन्तरिक र भारतीय पर्यटक हुन्', उनले भने, 'वर्षाद्को समयमा पोखरा आउन जोखिम छ, बर्खा र आर्थिक मन्दीको असर पनि परेको छ ।'

डुंगा व्यवसायी सम्मर नेपालीले तीन सय ५६ डुंगा रहेको बाराही घाटमा यतिबेला पाँच दिनमा मात्र एउटा डुंगाको पालो आउने गरेको उल्लेख गर्दै यस्तो अवस्थाले डुंगा चालक भोकभोकै हिँड्नुपर्ने बाध्यता रहेको सुनाए । 'लामो समय यही पेसामा रहेकाले पेसा परिवर्तन गर्न मन पनि लागेन, आम्दानी पनि खासै छैन', उनले भने-'कोरोना महामारीले पोखराको पर्यटन व्यवसायमा समस्या ल्याएको थियो, त्योभन्दा बढी यतिबेला आर्थिक मन्दीले पारेको छ ।' स्थानीयलाई भन्दा बाहिरबाट आएर डुंगा चलाउने चालकलाई दैनिकी चलाउने कठिनाइ भएको उनको भनाइ छ ।

चाडपर्वको आगमनसँगै पर्यटकको संख्यामा वृद्धि हुने आशामा डुंगा व्यवसायी छन् । फेवा डुंगा व्यवसायी संगठनका अध्यक्ष बलराम गिरीले सडक यातायातको जोखिमता, बर्खा, आर्थिक मन्दीजस्ता कारणले व्यवसायमा समस्या आएको बताए । फेवातालको मध्यभागमा अवस्थित तालबाराही मन्दिरमा पर्यटक पुर्‍याएबापत प्रतिव्यक्ति एक सय रूपैयाँ र ताल घुमाएबापत एक घण्टाको नौ सय रूपैयाँ व्यवसायीले लिने गरेका छन् ।

फेवातालका बाराही, फिस्टेल, अम्बोट, गौरी, पहारी, स्वीमिङपुल, फेवा र बङ्लादी गरी आठ घाटमा सात सय ६७ डुंगा सञ्चालनमा छन् । ती घाटमा चार सय १० चालक रहेको र तीमध्ये २५ महिला रहेको उनले जानकारी दिए । फेवातालमा वर्षौंदेखि डुंगा सञ्चालन हुने गरेको भए पनि संस्थागत र व्यावसायिक रूपमा भने २०५२ सालदेखि सञ्चालन हुँदै आएको अध्यक्ष गिरीको भनाइ छ । *रासस*

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन पा.लि.द्वारा प्रकाशित मुद्रण: एक्प्रेस कलर प्रेस, कार्यालय: काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेल: prabhabdailynews@gmail.com, विज्ञापनका लागि::arketing2prabhab@gmail.com, प्रबन्ध निर्देशक: कृष्ण कार्की, सम्पादक: विष्णु तामाङ